# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७९/८०)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८० असोज

## प्राक्कथन

नेपाल राष्ट्र बैंकले विगत लामो समयदेखि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश हुने **आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** तर्जुमा गरी नियमित रुपमा प्रकाशन गर्दै आएको छ । आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशका आर्थिक गतिविधिहरू समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्न थालेको छ ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्लाहरू (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ । प्रतिवेदनमा मूलतः कृषि, उद्योग र सेवा क्षेत्रको स्थिति तथा ती क्षेत्रहरूमा देखिएका विद्यमान समस्या/चुनौती र परिदृश्यका बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ । यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाहरूको पछिल्लो प्रगति विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको आर्थिक वृद्विमा सुस्तता देखिएको छ । गत आर्थिक वर्षमा यस प्रदेशको आर्थिक वृद्धिदर ६.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ३.७४ प्रतिशतले मात्र वृद्धि भएको अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ । यस अवधिमा कृषि उत्पादनमा ०.१५ प्रतिशतको झिनो वृद्धि देखिएको छ भने उद्योगको क्षमता उपयोग झण्डै ४६ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा कृषि उत्पादन ४.६५ प्रतिशतले वृद्धि भएको थियो भने उद्योगको क्षमता उपयोग ४३.६ प्रतिशत रहेको थियो । गण्डकी प्रदेशको सेवा क्षेत्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन क्षेत्रमा कोभिडको समयमा सुस्तता आएकोमा त्यसपछिको अवधिमा उल्लेख्य विस्तार भएको छ र बाह्य पयर्टनमा सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकारात्मक प्रभाव देखिन थालेको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकार लगायत सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीहरू प्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री नविना ढकाल, सहायक निर्देशक श्री ज्ञाज शर्मा, श्री ओमप्रकाश पोखेल, श्री विजया गौतम र श्री विक्रम बुढाथोकी, प्रधान सहायक श्री तारा पोखरेल शर्मा र श्री याम बहादुर रानाभाट तथा सहायक सूर्यप्रसाद पौडेल र नविन भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**आर्या जोशी**
**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | (क) |
| **तालिका सूची** | | | (घ) |
| **चार्ट सूची** | | | (ङ) |
| **सारांश** | | | (च-छ) |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१-३** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **४-७** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| | २.२ | अन्तरप्रदेश तुलना | ४ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ५ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **८-२१** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| | ३.२ | कृषि उत्पादन | १० |
| | ३.३ | पशुपंछी तथा माछा उत्पादन | १३ |
| | ३.४ | वनजन्य उत्पादन | १५ |
| | ३.५ | सिंचाई तथा मौसम | १६ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १७ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १८ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **२२-२५** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | २२ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | २३ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २४ |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२६-३४** |
| | ५.१ | पर्यटन | २६ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| | ५.३ | वित्तीय सेवा | २७ |

| | | | |
|---|---|---|---|
| | ५.४ | यातायात तथा संचार | ३० |
| | ५.५ | स्वास्थ्य | ३० |
| | ५.६ | सेवा क्षेत्र कर्जा | ३० |
| | ५.७ | सहकारी | ३२ |
| | ५.८ | सेवा क्षेत्रका चुनौती र सम्भावना | ३२ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **३५-३९** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३५ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३६ |
| | ६.३ | रोजगारी | ३७ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३८ |
| **परिच्छेद-७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **४०-४३** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ४० |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ४२ |
| | ७.३ | व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम | ४२ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **४४-४६** |
| | ८.१ | समग्र आर्थिक परिदृश्य | ४४ |
| | ८.२ | कृषि उत्पादन | ४४ |
| | ८.३ | औद्योगिक उत्पादन | ४५ |
| | ८.४ | सेवा क्षेत्र | ४५ |
| | ८.५ | पूर्वाधार क्षेत्र | ४५ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ४ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | १० |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ११ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | १३ |
| तालिका ३.५: प्रमुख पशुपंछी तथा माछा उत्पादन | १३ |
| तालिका ३.६: प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत) | १५ |
| तालिका ३.७: वनजन्य उत्पादन (जिल्लागत) | १५ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १६ |
| तालिका ३.९: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल | १६ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिँचित भूभागको क्षेत्रफल (जिल्लागत) | १७ |
| तालिका ३.११: जिल्लागत कृषि कर्जा | १८ |
| तालिका ४.१: औद्योगिक उत्पादन | २३ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | २४ |
| तालिका ५.१: पर्यटकको आगमन | २६ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २७ |
| तालिका ५.४: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २८ |
| तालिका ५.५: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २९ |
| तालिका ५.६: विदेशी मुद्रा सटहीको इजाजतपत्रप्राप्त संस्थाहरू | २९ |
| तालिका ५.७: गण्डकी प्रदेशमा यातायात सेवा | ३० |
| तालिका ५.८: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा | ३० |
| तालिका ५.९: क्षेत्रगत सेवा कर्जा | ३१ |
| तालिका ५.१०: सहुलियतपूर्ण कर्जा | ३१ |
| तालिका ५.११: सहकारी सेवा | ३२ |
| तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३८ |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको वित्त स्थिति | ४० |
| तलिका ७.२: आ.व.२०७९/८० असार मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह | ४३ |

# चार्ट सूची

**शीर्षक**


| | |
|---|---|
| चार्ट २.१: आर्थिक वर्ष २०७९/८० को प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ५ |
| चार्ट ३.१: प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हेक्टर हजारमा) | १० |
| चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरूको उत्पादन (मे.टनमा) | १२ |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा) | १७ |
| चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुहरूको क्षमता उपयोग | २२ |
| चार्ट ५.१: निक्षेप र कर्जाको विवरण (रु. दश लाखमा) | २८ |
| चार्ट ७.१: गण्डकी प्रदेशको बजेट खर्चको अवस्था | ४१ |

# सारांश

## समष्टिगत स्थिति

१. आर्थिक वर्ष २०७९/८० मा देशको आर्थिक गतिविधिमा सुस्तता देखिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो प्रकाशन अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको ५.२६ प्रतिशतको तुलनामा कमी आई २.१६ प्रतिशत हुने अनुमान रहेको छ ।

२. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन ३.७४ प्रतिशतले वृद्धि भएको अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ६.१ प्रतिशत रहेको थियो ।

## कृषि क्षेत्र

३. आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिब २.६८ प्रतिशतले ह्रास आई ४ लाख ७५ हजार ६३३ हेक्टर कायम भएको छ । मसलाले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने खाद्य, नगदे तथा अन्य बाली, तरकारी र फलफूलको खेती गरिएको क्षेत्रफल घटेकाले समग्रतामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफलमा २.६८ प्रतिशतले ह्रास आएको छ ।

४. तरकारीले ढाकेको क्षेत्रफल ०.७६ प्रतिशतले र फलफूलले ढाकेको क्षेत्रफल १.१६ प्रतिशतले घटेको छ भने मसलाबालीले ढाकेको क्षेत्रफल ४.५५ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा वर्षमा फलफूलको उत्पादन ०.६९ प्रतिशतले र मसलाको उत्पादन ३४.३३ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये स्याउ र सुन्तलाको उत्पादन क्रमशः १३.१९ प्रतिशत र १.४९ प्रतिशत ले वृद्धि भएको छ भने आँप र केराको उत्पादन क्रमशः ६.६५ प्रतिशत र २.७७ प्रतिशतले ह्रास आएको छ ।

६. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन समग्रमा ०.७५ प्रतिशतले ह्रास आएको छ । यसमध्ये मकै (२.३१ प्रतिशत), गहुँ (४.५१ प्रतिशत), उखु (२.४१ प्रतिशत), र दलहन (२.०१ प्रतिशत) को उत्पादन वृद्धि भएको छ । त्यसैगरी, धान, कोदो, जौं, फापर, आलु, भटमास र तेलहनको उत्पादन पनि क्रमशः ३.७ प्रतिशत, ४.१४ प्रतिशत, १९.५५ प्रतिशत, ५.४७ प्रतिशत, १.३३ प्रतिशत, १.१७ प्रतिशत, र ९.९३ प्रतिशतले घटेको छ ।

७. पशुजन्य उत्पादनतर्फ दुधको उत्पादन २.८९ प्रतिशत, अण्डाको उत्पादन १.९१ प्रतिशत, र मासुको उत्पादन १.२६ प्रतिशतले ह्रास आएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादन ६७ प्रतिशतको उल्लेख्य वृद्धि भएको छ भने दाउराका उत्पादन २४.३१ प्रतिशतले वृद्धि भएको छ ।

८. २०७९ असार मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूले कृषि, वन र माछापालन क्षेत्रमा रु.३१ अर्ब ४५ करोड कर्जा लगानी गरेका छन् । जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको ८.८ प्रतिशत रहेको छ ।

**उद्योग क्षेत्र**

९. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरूको औसत उत्पादन क्षमता उपयोग ४५.८ प्रतिशत रहेको छ । गत आर्थिक वर्षमा यस्तो अनुपात ४३.६ प्रतिशत रहेको थियो ।

१०. समीक्षा अवधिमा प्रशोधित दुध, तोरीको तेल, चकलेट, सिमेन्ट र चुरोटको उत्पादनमा वृद्धि भएको छ भने बिस्कुट, चाउचाउ, इट्टा, लिक्वीड र क्याप्सुलको उत्पादनमा ह्रास आएको छ ।

११. २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको १०.६ प्रतिशत अर्थात् रु. ३७ अर्ब ४९ करोड कर्जा औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

**सेवा क्षेत्र**

१२. गण्डकी प्रदेशमा गत आर्थिक वर्षमा पर्यटकको आगमन १९ हजार ८ सय ५० रहेकोमा समीक्षा अवधिमा झण्डै १६३.४७ प्रतिशतले विस्तार भई ५२ हजार २ सय ९९ पुगेकाले सेवा क्षेत्र विस्तार हुँदै गएको देख्न सकिन्छ । पछिल्लो समय आन्तरिक तथा बाह्य पयर्टनमा व्यापक सुधार आएकाले सेवा क्षेत्रमा तदनुरुपको सकरात्मक प्रभाव देखिएको हो ।

१३. २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन २०७९ असार मसान्तको तुलनामा १९.२८ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ७४ अर्ब ९० करोड पुगेको छ । कुल कर्जा प्रवाह भने ०.४ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५५ अर्ब १५ करोड पुगेको छ ।

**पूर्वाधार र रोजगारी**

१४. कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड करिब ४० प्रतिशत र बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ७५ प्रतिशत रहेको छ । त्यसैगरी, तनहुँ जलविद्युत आयोजनाको भौतिक प्रगति ४१.५ प्रतिशत र ४०.०२ प्रतिशत वित्तीय प्रगति भएको छ ।

१५. यस प्रदेशका ८२ स्थानीय तहहरूले आर्थिक वर्ष २०७९/८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार ५ सय ८४ आयोजना मार्फत कुल ७ हजार ४ सय २८ व्यक्तिले औसतमा ७६ दिन रोजगारी पाएका छन् ।

गण्डकी प्रदेशमा पर्यटक आगमन तथा कृषि उपजको उत्पादनमा वृद्वि भएको कारण गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष (२०८०/८१)मा समग्र आर्थिक क्रियाकलाप थप विस्तार हुने प्रक्षेपण रहेको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्को सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमित रुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पुर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिहरूलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित रही प्रादेशिक रुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) गरी ११ जिल्लाहरूको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस "गण्डकी प्रदेशको आर्थिक वर्ष २०७९/८० को आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०७९ साउनदेखि २०८० असार मसान्तसम्मको आर्थिक तथ्याङ्कहरूका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरू समावेश गरी समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशका सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथा द्वितिय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचनाहरू प्रदेशमा रहेका ११ जिल्लाहरूका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अर्न्तवार्ता तथा इमेल मार्फत सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी

अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत लिइएको छ । यी निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगहरूको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क आर्थिक अनुसन्धान विभाग मार्फत प्राप्त गरिएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग मार्फत सङ्कलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरूबाट समेत लिइएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न कास्की जिल्लाका १० बचत तथा ऋण सहकारी संस्थाहरूको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयहरूबाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहाय वमोजिम रहेका छन ।

- नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकाले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत रुपमा एकरुपता कायम हुन सकेको छैन ।

- सरकारी कार्यालयमा विवरण अद्यावधिक बनाई फाईलिङ हुन नसक्दा सरुवा भई आउने नयाँ कर्मचारीबाट गतवर्षको तथ्याङ्क यकीन हुन नसक्नु तथा कतिपय उद्योगहरूले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई अनावश्यक बोझका रुपमा लिने गरेको सन्दर्भमा तोकिएको समयभित्र शुद्ध तथ्याङ्क प्राप्त गर्न केही कठिनाई देखिएको छ ।

- यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमूना छनौट गरी १४ उद्योग, १० होटल र १० सहकारीहरूको तथ्याङ्क सङ्कलन गरी समावेश गरिएको छ ।
- यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहहरूको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ उत्पादनको अन्तर प्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि यस परिच्छेदमा समावेश गरिएको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धि आधारभूत मूल्यमा २.१६ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धि ५.२६ प्रतिशत रहेको थियो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.४ खर्ब ३७ अर्ब रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रु.४ खर्ब ८२ अर्ब पुग्ने अनुमान रहेको छ । आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धि ३.७४ प्रतिशत रहने अनुमान गरिएको छ भने गत आर्थिक वर्ष यस्तो वृद्धिदर ६.१० प्रतिशत रहेको थियो ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.८२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१२ प्रतिशत) रहेको छ । चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९६ प्रतिशत रहने अनुमान छ ।

**तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) (आ.व २०७९/८०)**


| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्य, रु.अर्बमा) | ८४९.६५ | ७०७.५१ | १,९८१.३३ | ४८२.०६ | ७६२.९७ | २२१.५३ | ३७६.३३ | ५,३८१.३४ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७९ | १३.१५ | ३६.८२ | ८.९६ | १४.१८ | ४.१२ | ६.९९ | १००.०० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | २.३८ | १.९० | १.७७ | ३.७४ | २.२३ | २.१८ | १.९४ | २.१६ |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १,२९९ | ८७५ | २,४५५ | १,४९२ | १,१२६ | ९९७ | १,०६३ | १,३९९ |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा(प्रतिशत) | ३३.६० | ३५.४० | ११.९० | २६.६० | ३०.३० | ३१.०० | ३३.७० | २४.६० |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा (प्रतिशत) | १६.५० | ११.३० | १०.७० | १७.४० | १४.१० | १०.१० | १३.२० | १२.९० |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको हिस्सा (प्रतिशत) | ५०.०० | ५३.४० | ७७.४० | ५६.०० | ५५.५० | ५८.९० | ५३.१० | ६२.४० |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी (३.७४ प्रतिशत) र बागमती प्रदेशमा सबैभन्दा कम (१.७७ प्रतिशत) हुने अनुमान रहेको छ ।

आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश प्रथम स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ ।

**चार्ट २.१ : आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय ।*

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७९/८० मा देशको कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) रु.५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रका योगदान क्रमशः २४.६ प्रतिशत, १२.९ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा विश्लेषण गर्दा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ । उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा स्थिर प्रायः रहेको देखिन्छ ।

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.६ प्रतिशत, १७.४ प्रतिशत र ५६ प्रतिशत रहने अनुमान रहेको छ । यस प्रदेशमा कृषि र उद्योग क्षेत्रको योगदान राष्ट्रिय औसतभन्दा केही बढी र सेवा क्षेत्रको योगदान केही कम हुने देखिएतापनि राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन र यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना भने उस्तै रहेको छ ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- यस प्रदेशको मुख्य सम्भावना रहेको क्षेत्र पर्यटन हो । विश्वका १४ उच्च हिमशिखर मध्ये ३ वटा (धवलागिरी (८१६७ मि.), मनास्लु (८१६३ मि.), र अन्नपूर्ण प्रथम (८०९१ मि.)) गण्डकी प्रदेशमा अवस्थित रहेको, बिश्वको सर्वोच्च उचाइमा रहेको तिलिचो ताल (४९१९ मि.) तथा यहाँ रहेका अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ । साथै, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका

लगायतको धार्मिक पर्यटकीय स्थलहरूको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिएको ।

- मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गहरूको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने । कालीगण्डकी कोरिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय र चिनियाँ पर्यटकहरूको आगमनमा वृद्धि हुने संम्भावना रहेको तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको ।
- गण्डकी प्रदेशमा प्राविधिक र आर्थिक रुपले १२,९३० मेगावाट जलविद्युत उत्पादन क्षमता रहेको र हालसम्म ७३३ मेगावाट मात्र जलविद्युत उत्पादन भएकाले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ  र उत्पादन पश्चात भारत र चीनमा निर्यात गर्न सक्ने सम्भावना रहेको छ । । साथै, उच्च हिमाली तथा पहाडी जिल्लाहरूमा सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ । उर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको ।
- यस प्रदेशको कुल क्षेत्रफलको ३७.८ प्रतिशत वन क्षेत्र रहेको हुँदा वन पैदावारमा आधारित उद्योगहरूको सम्भावना रहेको ।
- कृषि तर्फ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन मार्फत मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना रहेको ।
- पर्यटनमा अग्रणी स्थानमा रहेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रको आबद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने देखिएको ।
- गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरूको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरूमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना रहेको ।

- यस प्रदेशको उच्च हिमाली तथा पहाडी जिल्लाहरूमा सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ । उर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको ।

- यस प्रदेशमा विदेशबाट फर्किएका युवाहरूको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको ।

**प्रादेशिक चुनौती**

- गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाहरूबाट बसाइ/सराई हुने क्रममा तिव्रता आएकाले ती क्षेत्रहरूमा जनसंख्या संकुचन हुँदै गएको छ । यसरी जनसंख्या कम हुदै गएको सन्दर्भमा उर्वरभूमी बाँझो रहने समस्या समाधान गर्दै प्रचुर सम्भावना रहेको कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ (Backward-Forward Linkage) सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु ।

- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । विगत लामो समयदेखि चर्चामा रहेको भूमी बैंक र जग्गा भाडामा लिने/दिने आवधारणा कार्यान्वयनमा ल्याउनु ।

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विभिन्न प्रकारका अनुदानको व्यवस्था रहेतापनि कृषि अनुदान प्रभावकारी देखिएको छैन । तसर्थ, विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नु ।

- पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजनाहरू समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेको छन् । यसका अतिरिक्त जलविद्युत आयोजनाहरूमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका पुराना समस्या अझै विद्यमान रहेकाले निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र

गण्डकी प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ भने कुल घरपरिवारमध्ये ८६ प्रतिशतको[1] आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । गण्डकी प्रदेशमा कृषि पेशा सर्वाधिक महत्वको रुपमा रहेको सन्दर्भमा यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिचाई अवस्था; कृषि कर्जा एवम कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भुभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । उच्च हिमाली र पहाडी भेगबाट शहरी क्षेत्रमा बसाई-सराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले कृषि कार्यमा प्राथमिकता कम हुँदै गएकाले खेतियोग्य जग्गा-जमिन बाँझो रहने कारण कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिएको छ । आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव २.६८ प्रतिशतले ह्रास आई ४ लाख ७५ हजार ६३३ हेक्टर भएको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ३.२१ प्रतिशतले घटेको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९.८ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५ प्रतिशत तरकारी, ३.६ प्रतिशत फलफूल तथा १.५ प्रतिशत  मसला लगाइएको क्षेत्रफल रहेको छ । (तालिका ३.१)

**तालिका : ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

(हेक्टरमा)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७८/७९ (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०७९/८० (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | ४३९,७७०.०२ | ८९.९८ | ४२६,७६५.४१ | ८९.७३ | -२.९६ |
| तरकारी | २४,००१.७३ | ४.९१ | २३,८१९.७० | ५.०१ | -०.७६ |
| फलफूल | १७,१९३.५० | ३.५२ | १६,९९४.७५ | ३.५७ | -१.१६ |
| मसला | ७,०४९.१८ | १.४४ | ७,३६९.७० | १.५५ | ४.५५ |
| चिया | ३६.०० | ०.०१ | ३९.०० | ०.०१ | ८.३३ |
| कफी | ६७८.०० | ०.१४ | ६४५.०० | ०.१४ | -४.८७ |
| **जम्मा** | **४८८,७२८.४३** | **१००.००** | **४७५,६३३.५६** | **१००** | **-२.६८** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

[1] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ वैशाख

## क) खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव २.९६ प्रतिशतले ह्रास आई ४ लाख २६ हजार ७६५ हेक्टर भएको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ५.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा मकै, आलु, र उखुले ढाकेको क्षेत्रफलमा क्रमशः ०.९ प्रतिशत, १.७ प्रतिशत, १.३२ प्रतिशतले वृद्धि भएको छ भने धान, गहुँ, कोदो, जौ, फापर, भटमास, तेलहन र दलहनले ढाकेको क्षेत्रफलमा क्रमशः ४.६८ प्रतिशत, १०.९६ प्रतिशत, ४.३४ प्रतिशत, २५.३५ प्रतिशत, ५.०९ प्रतिशत, २.४४ प्रतिशत, २.६१ प्रतिशत, ४.३२ प्रतिशतले ह्रास आएको छ । खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३५ प्रतिशत भु-भागमा मकै र २५ प्रतिशतमा धान खेती रहेको छ ।

## (ख) तरकारी

समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफलमा ०.७६ प्रतिशतले ह्रास आई २३ हजार ८ सय १९ हेक्टर रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १३.९१ प्रतिशतले वृद्धि भएको थियो ।

## (ग) फलफूल

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफल १.१६ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा १९.०२ प्रतिशतले वृद्धि भएको थियो । फलफूलमध्ये सुन्तला, स्याउ र केरा खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भएको छ भने आँप र अन्य फलफूल खेती गरिएको क्षेत्रफलमा कमी आएको छ । प्रदेशमा १६,९९४ हेक्टर क्षेत्रफलमा फलफूल खेती गरिएको छ ।

## (घ) मसलाजन्य बाली

समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल ४.५५ प्रतिशतले वृद्धि भएर ७ हजार ३ सय ७९ हेक्टर क्षेत्रफल पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ३४.९५ प्रतिशतले वृद्धि भएको थियो ।

**जिल्लागत विवरण** : कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा वढी (१५.३ प्रतिशत) स्याङ्जा जिल्लामा रहेको छ भने सबैभन्दा कम मनाङ (०.३ प्रतिशत) जिल्लामा रहेको छ । गण्डकी प्रदेशका ११ जिल्लाहरूमध्ये कास्की, तनहुँ, लमजुङ, गोरखा, नवलपरासी (पूर्व), बाग्लुङ र स्याङ्जा गरी ७ जिल्लाहरूको प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ८५ प्रतिशत रहेको छ । हिमाली जिल्ला मनाङ र मुस्ताङमा यस्तो भूभाग अन्य जिल्लाहरूको तुलनामा नगन्य रहेको छ ।


तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये करिब ८९ प्रतिशत भुभाग कास्की, तनहुँ, लमजुङ, गोरखा, नवलपरासी (पूर्व), बाग्लुङ र स्याङ्जा जिल्लामा मात्रै रहेको छ भने फलफुल र मसला खेतीमा पनि सोही जिल्लाहरूको बाहुल्यता रहेको देखिन्छ (तालिका ३.२)।

### तालिका : ३.२ कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ४९,२७० | ११.५५ | १,७०० | ७.१४ | १,८९७ | ११.१६ | १७० | २.३ |
| मनाङ | १,३९० | ०.३३ | १९१ | ०.८० | १,६४८ | ९.७० | २४ | ०.३ |
| मुस्ताङ | १,४३८ | ०.३४ | ११० | ०.४६ | १,५३४ | ९.०३ | २६ | ०.४ |
| म्याग्दी | २२,३८१ | ५.२४ | १,२५४ | ५.२६ | १,७६८ | १०.४० | १३६ | १.८ |
| कास्की | ५२,३०२ | १२.२६ | ५,३७० | २२.५४ | १,१६७ | ६.८७ | १,४७९ | २०.१ |
| लमजुङ | ४८,६५७ | ११.४० | २,९३८ | १२.३३ | ६६१ | ३.८९ | १,७०५ | २३.१ |
| तनहुँ | ४८,१६४ | ११.२९ | ३,९०३ | १६.३९ | २,४०१ | १४.१३ | ९७० | १३.२ |
| नवलपरासी (पूर्व) | ४४,४७२ | १०.४२ | १,७३२ | ७.२७ | १,०२५ | ६.०३ | १,२३० | १६.७ |
| स्याङ्जा | ६५,४२७ | १५.३३ | २,६९२ | ११.३० | २,२४९ | १३.२३ | ८९० | १२.१ |
| पर्वत | ३५,६६६ | ८.३६ | १,००० | ४.२० | १,१९५ | ७.०३ | २०२ | २.७ |
| बाग्लुङ | ५७,५९८ | १३.५० | २,९३० | १२.३० | १,४४९ | ८.५३ | ५३७ | ७.३ |
| **जम्मा** | ४२६,७६५ | १००.०० | २३,८२० | १००.०० | १६,९९५ | १००.०० | ७,३७० | १००.० |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

### चार्ट ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हजार हेक्टरमा)




*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० मा प्रमुख कृषि बालीहरूको उत्पादनमा ०.१५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन ४.६५ प्रतिशतले वृद्धि भएको थियो । (तालिका ३.३)

### तालिका : ३.३ कृषि बालीको उत्पादन

(मेट्रिक टन)

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०७८/७९ (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व. २०७९/८० (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १,४११,१२१.४८ | ७४.९३ | १,४००,५६७.९७ | ७४.२६ | -०.७५ |
| तरकारी | ३१२,६०८.५० | १६.६० | ३०४,९९१.८९ | १६.१७ | -२.४४ |
| फलफूल | ९८,७३६.५० | ५.२४ | ९९,४१४.७५ | ५.२७ | ०.६९ |
| मसला | ५९,८७२.५५ | ३.१८ | ८०,४२९.६९ | ४.२६ | ३४.३३ |
| चिया | ८८.०० | ०.००१ | ८६.८५ | ०.००१ | -१.३१ |
| कफी | ४९१.२० | ०.०३ | २२५.५० | ०.०१ | -५४.०९ |
| मह | २३३.७० | ०.०१ | ३०६.२० | ०.०२ | ३१.०२ |
| **जम्मा** | **१,८८३,१५१.९३** | **१००.००** | **१,८८६,०२२.८५** | **१००.००** | **०.१५** |

*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू।*

### (क) खाद्य तथा अन्य बाली


समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा ०.७५ प्रतिशतले ह्रास आएको छ। यस अवधिमा प्रमुख बालीहरू मकै, गहुँ, उखु र दलहनको उत्पादनमा वृद्धि भएको छ। उक्त बालीहरूको उत्पादनमा क्रमशः २.३१ प्रतिशत, ४.५१ प्रतिशत, २.४१ प्रतिशत, र २.०१ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी धान, कोदो, जौं, फापर, आलु, भटमास र तेलहनको उत्पादन क्रमशः ३.७ प्रतिशत, ४.१४ प्रतिशत, १९.५५ प्रतिशत, ५.४७ प्रतिशत, १.३३ प्रतिशत, १.१७ प्रतिशत, र ९.९३ प्रतिशतले घटेको छ।

गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश ३२.४५ प्रतिशत, धानको अंश २७.९२ प्रतिशत र आलु उत्पादनको अंश २१.३३ प्रतिशत रहेको छ।

### (ख) तरकारी

आर्थिक वर्ष २०७८/७९ मा तरकारीको उत्पादन २४.४७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा २.४४ प्रतिशतले कमी आएको छ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन** (हजार मे.टनमा)




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

**(ग) फलफूल**

आर्थिक वर्ष २०७९/८० मा फलफूलको उत्पादनमा ०.६९ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये स्याउ र सुन्तलाको उत्पादन क्रमश १३.१९ प्रतिशत र १.४९ प्रतिशतले बढेको छ भने आँप र केराको उत्पादनमा भने ६.६५ प्रतिशत र २.७७ प्रतिशतले कमी आएको छ ।

**(घ) मसला**

आर्थिक वर्ष २०७८/७९ मा मसलाजन्य बालीको उत्पादनमा ३९.४९ प्रतिशतले वृद्धि भएको मा आर्थिक वर्ष २०७९/८० मा मसलाजन्य बालीको उत्पादनमा ३४.३३ प्रतिशतले वृद्धि भएको छ । प्रदेशमा लसुनको उत्पादन ४२७.७३ प्रतिशतले वृद्धि भएको छ । तनहूँमा बाँदर आतङ्कले गर्दा किसानहरू जौं खेती छोडी लसुन खेती तर्फ आकर्षित हुदा लसुनको उत्पादनमा वृद्धि भएको हो ।

**जिल्लागत विवरण** : कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको प्रमुख कृषि बालीहरूको कुल उत्पादनको सबैभन्दा वढी (१४ प्रतिशत) उत्पादन कास्की जिल्लामा हुने देखिएको छ भने सबैभन्दा कम मनाङ (०.७७ प्रतिशत) जिल्लामा हुने देखिएको छ । कास्की, स्याङ्जा, तनहुँ, गोरखा, नवलपरासी (पूर्व) र बाग्लुङ जिल्लामा प्रदेशको कुल कृषि उत्पादनको ७७ प्रतिशत उत्पादन हुने गरेको छ । तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये करिब ८९ प्रतिशत भू-भाग कास्की, तनहुँ, लमजुङ, गोरखा, नवलपरासी (पूर्व), बाग्लुङ र स्याङ्जा जिल्लामा मात्रै रहेको छ भने फलफुल र मसला खेतीमा पनि सोही जिल्लाहरूको बाहुल्यता रहेको देखिन्छ (तालिका ३.४)

### तालिकाः ३.४ कृषि बालीको उत्पादन (जिल्लागत)

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १४६,४५२.९ | १०.५ | २३,८००.० | ७.८ | १८,९७०.० | १९.१ | १,८३२.० | २.३ |
| मनाङ | ९,२५०.५ | ०.७ | २,१७०.० | ०.७ | २,९४०.० | ३.० | १००.३ | ०.१ |
| मुस्ताङ | ११,४७०.० | ०.८ | १,३७१.५ | ०.४ | ६,५९७.० | ६.६ | २०२.० | ०.३ |
| म्याग्दी | ८४,८९४.५ | ६.१ | १५,१९६.० | ५.० | ४,२५३.० | ४.३ | १,१९४.० | १.५ |
| कास्की | १६७,२४१.० | ११.९ | ७५,५४०.० | २४.८ | ८,६४३.० | ८.७ | १३,४४७.० | १६.७ |
| लमजुङ | १४३,६४५.७ | १०.३ | २७,६४०.० | ९.१ | १,३४६.० | १.४ | ५,४८५.० | ६.८ |
| तनहुँ | १५८,३७७.१ | ११.३ | ४२,७२७.० | १४.० | १३,३२९.० | १३.४ | ३०,३५०.० | ३७.७ |
| नवलपरासी (पूर्व) | १९७,७९५.९ | १४.१ | २२,९८४.० | ७.५ | १४,५१३.० | १४.६ | ११,५२०.० | १४.३ |
| स्याङ्जा | १९४,९४२.३ | १३.९ | ३५,४००.७ | ११.६ | १८,६४१.० | १८.८ | ८,७२३.० | १०.८ |
| पर्वत | ९१,३६१.५ | ६.५ | १६,०००.० | ५.२ | ५,४००.० | ५.४ | १,०१२.० | १.३ |
| बाग्लुङ | १९५,१३६.७ | १३.९ | ४२,१६२.७ | १३.८ | ४,७८२.८ | ४.८ | ६,५६४.४ | ८.२ |
| **जम्मा** | **१,४००,५६७.९** | **१००.०** | **३०४,९९१.९** | **१००.०** | **९९,४१४.८** | **१००.०** | **८०,४२९.७** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू ।*

## ३.३ पशुपंछी तथा माछा उत्पादन

### (क) प्रमुख पशुपंछी तथा माछा

आर्थिक वर्ष २०७९/८० मा दुध, अण्डा र मासुको उत्पादन क्रमशः २.८९ प्रतिशत, १.९१ प्रतिशत र १.२६ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्ष सोही अवधिमा दुध, अण्डा र मासु उत्पादन क्रमशः ३.३५ प्रतिशत, १६.१४ प्रतिशत र १.८२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधीमा माछाको उत्पादनमा ४.२८ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समय कास्कीमा माछाको मागमा उच्च वृद्धि भएका कारण यसतर्फ व्यवसायीहरू आकर्षित भएको देखिन्छ ।

### तालिकाः ३.५ प्रमुख पशुपंछी तथा माछा उत्पादन

| उत्पादन | २०७८/७९ | २०७९/८० | बृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लिटर) | २७७७२८ | २६९७०८ | -२.८९ |
| मासु (मेट्रिक टन) | ५८८६० | ५८११९ | -१.२६ |
| अण्डा (हजार गोटा) | २९३७९२ | २८८१७२ | -१.९१ |
| माछापालन (मेट्रिक टन) | १५३२.३ | १५९८ | ४.२८ |

*स्रोतः पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

**बक्स ३ (क): गण्डकी प्रदेशमा लम्पी स्किन रोगको प्रभाव**

क्याप्रिपक्स प्रजातिको भाइरसका कारण गाईभैंसीहरूमा लाग्ने लम्पी स्किन रोगबाट गण्डकी प्रदेशका ८४ हजार ३ सय ८७ पशुचौपाया संक्रमित भएका छन् । यस रोगबाट आर्थिक वर्ष २०८०/८१ भदौसम्म ५ हजार ३ सय ६५ पशुको मृत्यु भएको छ भने ५८ हजार ७ सय २६ पशु रोग लागेर निको भइसकेका छन् । लामखुट्टे लगायतका टोक्ने/रगत चुस्ने झिंगा, किर्ना भुसुना जस्ता किराहरूबाट सर्ने यो रोग लाग्नबाट बचाउन पशु चौपायालाई खोप लगाउन सकिन्छ । गण्डकी प्रदेशमा १ लाख ११ हजार ७ सय १० पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप दिइसकिएको छ । यस रोगबाट गण्डकी प्रदेशमा रु.४५ करोड ६८ लाख भन्दा बढी रकमको क्षति भइसकेको अनुमान छ ।

| जिल्ला | संक्रमित पशु संख्या | मृत्यु भएका पशु संख्या | ठिक भएका पशु संख्या | खोप लगाइएका पशु संख्या | अनुमानित क्षति रकम (रु.लाखमा) |
|---|---|---|---|---|---|
| स्याङ्जा | २,६६० | १२५ | १,३३५ | ९,७१० | ११७.१० |
| तनहुँ | ७९ | ३७९ | ३,८२८ | ११,४७३ | ४०६.९७ |
| लमजुङ | ५,८०१ | ३१८ | ४,३५० | १३,५२५ | २९२.४१ |
| बाग्लुङ | ५,६३२ | ६६३ | ३,४३६ | ४,६६९ | ४३५.१७ |
| गोरखा | २०,७८२ | १,४६३ | ११,६२५ | ११,८०० | १,१८५.८२ |
| पर्वत | २,१६९ | १९६ | १,२४२ | ६,५७३ | १४२.२६ |
| म्यादी | ८,८३८ | ७८३ | ६,१८६ | ४,२५० | ५७२.९७ |
| कास्की | १८,३९२ | ७३३ | १६,८१३ | १७,३०० | ८०९.५८ |
| नवलपुर | ११,१८१ | ६९० | ९,८३४ | १९,४१० | ५९६.५२ |
| मुस्ताङ | ५२ | १० | ३८ | ६,००० | ५.६७ |
| मनाङ | ६१ | ५ | ३९ | १,००० | ३.७८ |
| **जम्मा** | **७५,६४७** | **५,३६५** | **५८,७२६** | **१,०५,७१०** | **४,५६८.२२** |

*स्रोतः पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

## जिल्लागत स्थिति

दुध उत्पादनमा नवलपरासी (पूर्व), कास्की, स्याङ्जा, गोरखा र तनहुँ जिल्लाको हिस्सा ७७.६४ प्रतिशत रहेको छ भने मासु उत्पादनमा उक्त जिल्लाहरूको योगदान ८०.६६ प्रतिशत रहेको छ । त्यस्तै यस अवधिमा गण्डकी प्रदेशको कुल अण्डा उत्पादनको ६४.३५ प्रतिशत स्याङ्जा, कास्की र गोरखा जिल्लामा मात्रै उत्पादन भएको छ । भौगोलिक विकटता र अवस्थितिका कारण मनाङ र मुस्ताङ जिल्लामा पशुपंछीको उत्पादन नगन्य रहेको छ । यस अवधिमा गण्डकी प्रदेशको कुल माछा उत्पादनको ७३.८२ प्रतिशत कास्की र नवलपरासी (पूर्व) जिल्लामा मात्रै उत्पादन भएको छ ।

### तालिका : ३.६ प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत)

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | २७,९३७.०० | १०.३६ | ६,८८०.०० | ११.८४ | ५७,९४३.०० | २०.११ | १२८.०० | ८.०१ |
| मनाङ | २०६.६३ | ०.०८ | ३६.८६ | ०.०६ | ४६.२० | ०.०२ | ०.१५ | ०.०१ |
| मुस्ताङ | ४५५.३९ | ०.१७ | ४११.१५ | ०.७१ | १७३.०६ | ०.०६ | ०.६५ | ०.०४ |
| म्याग्दी | ५,६६१.०० | २.१० | १,८६४.०० | ३.२१ | ३,८६५.०० | १.३४ | २९.०० | १.८१ |
| कास्की | ५२,९५३.३० | १९.६३ | २५,७०६.७० | ४४.२३ | ६२,२४४.०० | २१.६० | १९८.६० | १२.४३ |
| लमजुङ | १६,३१२.०० | ६.०५ | ३,१७०.०० | ५.४५ | १०,५१४.०० | ३.६५ | ४९.५० | ३.१० |
| तनहुँ | ३९,३०४.०६ | १४.५७ | ४,८३३.९९ | ८.३२ | २७,७३६.१४ | ९.६२ | ९७.०१ | ६.०७ |
| नवलपरासी (पूर्व) | ३६,५४३.०० | १३.५५ | ३,९८२.०० | ६.८५ | ३९,९४९.०० | १३.८६ | ९८१.०० | ६१.३९ |
| स्याङ्जा | ५२,६७५.०५ | १९.५३ | ५,४७५.११ | ९.४२ | ६५,२३१.०२ | २२.६४ | ६५.०५ | ४.०७ |
| पर्वत | १४,५७५.४० | ५.४० | २,१५४.१२ | ३.७१ | ९,१४०.५२ | ३.१७ | २४.५० | १.५३ |
| बाग्लुङ | २३,०८५.०० | ८.५६ | ३,६०५.०० | ६.२० | ११,३३०.०० | ३.९३ | २४.५० | १.५३ |
| **जम्मा** | **२६९,७०७.८३** | **१००.०** | **५८,११८.९३** | **१००.०** | **२८८,१७१.९४** | **१००.०** | **१,५९७.९६** | **१००.०** |

*स्रोत : पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश ।*

## ३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको वनजन्य उत्पादनमा काठको उत्पादन ६६.९८ प्रतिशत र दाउराको उत्पादन २४.३१ प्रतिशतले वृद्धि भएको छ भने औषधिजन्य वस्तुको उत्पादनमा ४३.३४ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोहि अवधिमा काठ र दाउराको उत्पादन ४९.५३ प्रतिशत र ५७.३ प्रतिशतले बढेको थियो भने औषधिजन्य वस्तुको उत्पादन ७६.३९ प्रतिशतले घटेको थियो ।

### तालिका : ३.७ वनजन्य उत्पादन

| विवरण | एकाइ | २०७८/७९ | २०७९/८० | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| काठ | क्युविक फिट | ८२८,९४६.४५ | १,३८४,१३५.७५ | ६६.९८ |
| दाउरा | चट्टा | २,२२४.४६ | २,७६५.१५ | २४.३१ |
| औषधिजन्य वस्तु | मे.टन | १५३.१२ | ८०.६३ | -४७.३४ |
| अन्य उत्पादन | मे.टन | १६४.५५ | २५२.१४ | ५३.२३ |

स्रोतः *अध्ययन क्षेत्रका जिल्ला वन कार्यालयहरू ।*

समीक्षा अवधिमा वन कार्यालयहरूले निजी आवादी जग्गामा भएका वनको काठ कटानका लागि स्वीकृति दिएको, ग्रामीण क्षेत्रहरूमा समेत सडक पूर्वाधारको सञ्जाल विस्तार भएको र निजी वनबाट काठ कटानका लागि अघिल्ला वर्षको भन्दा बढी स्वीकृति प्रदान गरेकाले काठको उत्पादनमा वृद्धि भएको देखिन्छ । काठको उत्पादनमा आएको बृद्धिसँगै दाउराको उत्पादन उल्लेख्य रुपमा वृद्धि भएको देखिन्छ । औषधिजन्य उत्पादनहरूको मागमा कमी आउनाले उत्पादन समेत घटेको देखिन्छ ।

### तालिका : ३.८ काठको उत्पादन (जिल्लागत)

| जिल्ला | २०७८/७९ (क्युविक फिट) | २०७९/८० (क्युविक फिट) | जिल्लागत हिस्सा (प्रतिशत) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| गोरखा | ३३०२१ | ९१३९९ | ६.६ | १७६.७९ |
| मनाङ | ५००.०० | ५८०.०१ | ०.० | १६.०० |
| मुस्ताङ | ०.०० | ४८०२१.५५ | ३.५ | ०.०० |
| म्याग्दी | ७३६७५ | ८९१२५ | ६.४ | २०.९७ |
| कास्की | ६८०८४ | ६१५४१.९८ | ४.४ | -९.६१ |
| लमजुङ | १२८५९४ | २४९०१८ | १८.० | ९३.६५ |
| तनहुँ | २०६१५८.०० | १३५०७९.७६ | ९.८ | -३४.४८ |
| नवलपरासी (पूर्व) | १२२०२६.१० | ५०४५०२.०० | ३६.४ | ३१३.४४ |
| स्याङ्जा | ५६८००.०० | ३०५१०.४६ | २.२ | -४६.२८ |
| पर्वत | २९७५५ | ७७५१२ | ५.६ | १६०.५० |
| बाग्लुङ | ११०३३३ | ९६८४६ | ७.० | -१२.२२ |
| **जम्मा** | **८२८,९४६.५** | **१,३८४,१३५.८** | **१००.०** | **६६.९८** |

स्रोत: *अध्ययन क्षेत्रका जिल्ला वन कार्यालयहरू ।*

## ३.५ सिँचाई तथा मौसम

यस प्रदेशमा ३ लाख ६४ हजार ४ सय ७९ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ जुन अघिल्लो बर्षको तुलनामा ०.७९ प्रतिशतले वृद्धि भएको छ । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ४१.४० प्रतिशत भू-भागमा (१ लाख ५० हजार ९ सय हेक्टर क्षेत्रफल)मा सिंचाई सुविधा पुगेको छ ।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल १.७६ प्रतिशतले बृद्धि भएको छ । कुल सिँचित क्षेत्रफलमध्ये ४०.५७ प्रतिशत कुलो र ५८.७८ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट बाँकी ०.६५ प्रतिशत सिँचाइ भएको देखिन्छ ।

### तालिका : ३.९ खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल

(हेक्टरमा)

| | आ.ब २०७७/७८ | आ.ब २०७८/७९ | आ.ब २०७९/८० | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिँचित क्षेत्रफल | १४७,०७२.० | १४८,२८९.० | १५०,९००.८ | १.७६ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४५३,५१९.० | ४५३,५१९.० | ४५३,५१९.० | ०.०० |
| खेती गरिएको क्षेत्रफल | ३६४,८२८.० | ३६१,६३०.० | ३६४,४७९.० | ०.७९ |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*


## तालिका : ३.१० खेतीयोग्य तथा सिँचित क्षेत्रफल भू-भागको क्षेत्रफल (जिल्लागत)

(हेक्टरमा)

| जिल्ला | कुल सिँचित क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफल | खेती गरिएको क्षेत्रफल | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल |
|---|---|---|---|---|
| गोरखा | २५,४४९.० | ५५,६९६.० | ५४,०१६.० | ४७.१ |
| मनाङ | १००.० | २,१५३.० | २,०९५.० | ४.८ |
| मुस्ताङ | ५,००० | ५,४६६.० | ५,११५.० | ९७.८ |
| म्याग्दी | ६,२३२.० | ३०,४५६.० | १९,४९८.० | ३२.० |
| कास्की | १२,९९७.८ | २८,६६१.० | २५,७९५.० | ५०.४ |
| लमजुङ | १५,४७१.० | ५८,३७५.० | ४५,७३४.० | ३३.८ |
| तनहुँ | ५,७७२.० | ६५,०६५.० | ५१,६१४.० | ११.२ |
| नवलपरासी (पूर्व) | ४१,२४५.० | ६०,१७५.० | ५५,३०४.० | ७४.६ |
| स्याङ्जा | १९,५६९.० | ७२,७३१.० | ५०,५६४.० | ३८.७ |
| पर्वत | ११,९३४.० | २८,५९३.० | २४,१७१.० | ४९.४ |
| बाग्लुङ | ७,१३१.० | ४६,१४८.० | ३०,५७३.० | २३.३ |
| **जम्मा** | **१५०,९००.८** | **४५३,५१९.०** | **३६४,४७९.०** | **४१.४** |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

### चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा
२०७९ असार मसान्तको तुलनामा ६.८ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ११.७ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाहित

कुल कर्जामा कृषि कर्जाको अंश ८.६ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जाको ६० प्रतिशत रकम कास्की र नवलपरासी (पूर्व) जिल्लामा मात्रै सिमित भएको देखिन्छ (तालिका ३.११) ।

**तालिका ३.११ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कास्की | १३,००६.७ | ४१.४ |
| स्याङ्जा | २,०२७.४ | ६.४ |
| तनहुँ | ३,८१०.१ | १२.१ |
| गोरखा | १,४३१.४ | ४.६ |
| लमजुङ | १,९०४.८ | ६.१ |
| मनाङ | १२०.० | ०.४ |
| मुस्ताङ | २९९.० | १.० |
| पर्वत | ९९०.३ | ३.१ |
| बाग्लुङ | १,२२०.८ | ३.९ |
| म्याग्दी | ८०२.८ | २.६ |
| नवलपरासी (पूर्व) | ५,८३७.३ | १८.६ |
| **जम्मा** | **३१,४५०.७** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरू

- गण्डकी प्रदेशको कुल खेतीयोग्य जमीनको जम्मा ४१.४ प्रतिशत भू-भागमा मात्र सिँचाई सुविधा पुगेकाले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।
- पहाडी क्षेत्रबाट तराई एवम् सहर बजारमा बसाँइसराइ हुने जनसंख्या बढ्दै गइरहेकाले पहाडमा उर्वरायुक्त भूमि बाँझिदै गएको तथा सहरी क्षेत्रमा उर्वरायुक्त भूमि पनि खण्डीकरण भइरहेको सन्दर्भमा पहाडी क्षेत्रमा बाँझिएको जमिनमा कृषि बाली उत्पादन गर्नु र सहरी क्षेत्रमा उर्वरायुक्त खेतीयोग्य जमिनको खण्डीकरण हुने कार्यलाइ रोकि उत्पादन वृद्धि गर्नु ।
- दक्ष जनशक्तिहरूलाई विदेश पलायन हुनबाट रोकी कृषि मै आकर्षित गरी उत्पादकत्व बढाउनु ।
- यस प्रदेशका स्याङ्जा, बाग्लुङ, पर्वत, गोरखा आदि जिल्लाहरूमा बाँदरले तरकाली तथा अन्न बाली नष्ट गर्ने तथा क्षति पुऱ्याउने गरेकाले कृषकहरूले जग्गा जमिन बाँझो राख्ने प्रवृत्ति बढेको तथा त्यस्ता जग्गा उपयोगमा ल्याई कृषि उत्पादन बढाउनु ,

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत गण्डकी प्रदेशको स्याङजा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरूबाट खर्चको तुलनामा अपेक्षित प्रतिफल प्राप्त गर्नु ।

- यस प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफी लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य तोकी हाल कायम रहेको मध्यस्थकर्ताहरूको तहगत श्रृङ्खला तोडी कृषकहरूलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउनु ।

- कृषकहरूलाई बाली लगाउने समयमा सर्वसुलभ मूल्यमा रासायनिक मल, उन्नत बीउ, आधुनिक खेती प्रणालीका लागि आवश्यक प्रविधि तथा उपकरण उपलब्ध गराउँदै निर्वाहमूखी खेती प्रणालीलाई सुधार गर्दै व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्नु ।

- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी यस क्षेत्रलाई व्यवसायिकरण गर्न विद्यमान अनुदान व्यवस्थालाई पुनरावलोकन गरी उत्पादन तथा प्रतिफलमा आधारित अनुदान प्रणाली लागु गर्नु ।

- समय समयमा कृषि बालीमा देखा पर्ने विभिन्न रोगहरू जस्तैः मकै बालीमा अमेरिकन फौजी किरा, आलुमा डडुवा रोग, सुन्तलामा औँसा किरा तथा अन्य विभिन्न प्रजातीका रोगहरूको समयमै पहिचान गरी यसको प्रकोप नियन्त्रण गर्दै कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु । साथै, हाल पशुपंक्षीमा देखा परेको लम्की स्कीन, बंगुरमा देखा परेको African Swine flu समयमै प्रकोप नियन्त्रण गर्नु ।

- कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकिन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो हुने गरेकाले कृषि जोखिम न्यूनिकरण गर्नु ।

- जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आउनसक्ने समस्या बाढी, पहिरो, असिना, हावाहुरी जस्ता प्राकृतिक प्रकोपले बर्षेनी कृषि तथा पशुपंछी तर्फ पर्न जाने ठूलो क्षति न्यूनीकरण गर्नु ।

- बालीनालीमा देखिने नयाँ किसिमका रोग कीरा तथा पशुपंछी मा लाग्ने जुनोटिक, लम्पी स्किन डिजिज एवम् महामारीजन्य रोगहरूको प्रकोप न्यूनीकरण गर्नु ।

- संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरूबीच समन्वयको कमी भएको हुँदा कृषि अनुदान, सहुलियत र तालिम जस्ता कार्यक्रमहरू दोहोरिने, अनुगमन मूल्याङ्कनमा सहजता नहुने, एउटै उद्यमी कृषक वा एकै वर्ग वा समुदायले सम्पूर्ण सुविधा उपभोग गर्ने, पाएको सुविधा दुरुपयोग गर्ने जस्ता समस्या हटाउनु ।

- कृषि तथा पशुसंग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क सङ्कलन गर्नु ।

- पशुपंछी अन्तर्गत कुखुरा र माछाको बीमा गराउन असहजता देखिएकाले त्यस्ता व्यवसायको बिमालाई प्रोत्साहान गर्नु ।

**सम्भावनाहरू**

- जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शिघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको ।

- गण्डकी प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफि जस्ता कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गर्ने साथै आवश्यकता अनुसार कलेक्सन सेन्टर तथा कृषि बजार स्थापना भएमा उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको ।

- परियोजना धितोको आधारमा कृषि ऋण प्रोत्साहित गर्न लिज कानून तर्जुमा गरी कार्यान्वयन गरिएमा यस क्षेत्रको कृषि कर्जा तथा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्र्तगत गण्डकी प्रदेशको स्याङ्जा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुने व्यवस्था गरी कृषकलाई यसतर्फ आकर्षित गर्न सकिने सम्भावना रहेको ।

- कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क सङ्कलन गर्न सकिएमा वास्तविक तथ्याङ्क प्राप्त भई यस प्रदेशको कृषि क्षेत्रको नीति निर्माणमा थप टेवा पुग्ने सम्भावना रहेको ।

- गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरूमा लिफ्ट सिंचाई मार्फत सिंचाइको पहुँच पुर्‍याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको ।

- मनाङ र मुस्ताङ जिल्लामा व्यवसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरू कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको ।

- कृषि, फलफूल तथा जडिबुटीजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास र विस्तार गर्न उद्योग-कृषक करार खेती सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई लागतलाभ हासिल हुने तथा कृषिको व्यवसायीकरणमा टेवा पुग्ने देखिएको ।

- उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरूमा व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको ।

- गोरखाको उत्तरी भाग, मनाङ र मुस्ताङका हिमाली क्षेत्रहरूमा पाइने यार्सागुम्बाको व्यवसायीकरण गर्न तथा बजार पहुँच सुनिश्चित गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा यार्सागुम्बाको व्यवसायीकरण गर्न सकिने सम्भावना रहेको ।
- प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरूको व्यवसायिक खेती गर्न सकिने सम्भावना रहेको ।
- होटल व्यवसायीहरूलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको ।
- प्रदेशमा रहेका तालतलैया तथा नदीनालाहरूबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलब्ध गराउन सकिने पर्याप्त सम्भावना रहेको ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १७.३६ प्रतिशत रहने अनुमान रहेको छ । गत वर्ष यस्तो हिस्सा १७.७ प्रतिशत रहेको थियो । यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको उल्लेख्य रहेका छन् ।


२०७९ फागुनसम्म गण्डकी प्रदेशमा दर्ता भएका उद्योगको सङ्ख्या ७१ हजार ८ सय ९७ पुगेको छ भन दर्ता भएका वाणिज्य फर्मको सङ्ख्या ६८ हजार ३ सय ६४ पुगेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्ममा गण्डकी प्रदेशमा ८३० उद्योग दर्ता भएका छन् । यी उद्योगमा रू. ५ खर्ब ९७ अर्ब २५ करोड लगानी स्वीकृत भई उद्योगको सञ्चालनबाट ४० हजार ९३ रोजगारी सिर्जना हुने अनुमान रहेको छ ।[२]

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त रुपमा विश्लेषण गरिएको छ र औद्योगिक कर्जाको स्थिति एवं उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेतलमाई यस परिच्छेदमा समेटिएको छ ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

क) आर्थिक वर्ष २०७९/८० मा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगहरूको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा २.२ प्रतिशत बिन्दुले वृद्धि भई ४५.८ प्रतिशत पुगेको छ । यस प्रदेशमा खाने तेल उद्योगको क्षमता उपयोग ९६.७६ प्रतिशत, चकलेट उद्योगको ७४.५७ प्रतिशत, बिस्कुटको ६२.८० प्रतिशत, वियरको ६३.८९ प्रतिशत, इट्टाभट्टाको ५४.९९ प्रतिशत, लिक्विड औषधीको ५१.९० प्रतिशत), क्याप्सुलको ३५.८ प्रतिशत, ओइन्टमेण्टको १०.१५ प्रतिशत र ड्राइ सिरपको क्षमता उपयोग ७.९६ प्रतिशत रहेको छ ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू ।*

---

[२] आर्थिक सर्वेक्षण-२०७९/८०, गण्डकी प्रदेश

(ख) समीक्षा वर्षमा प्रशोधित दुधको उत्पादन २२.२३ प्रतिशतले, चकलेटको १४.७१ प्रतिशतले सिमेण्टको ५.९४ प्रतिशतले, चुरोटको ३.४४ प्रतिशतले र ट्याव्लेटको उत्पादन ३.१३ प्रतिशतले वृद्धि भएको छ भने ओइन्टमेन्ट, क्यापसुल, चाउचाउ, लिक्विड र ईंटाको उत्पादन क्रमश: ३२.०७ प्रतिशत, २१.८९ प्रतिशत, १५.३४ प्रतिशत, ९.७३ प्रतिशत र ५.७७ प्रतिशतले कमी आएको छ ।

**तालिका ४.१ औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व २०७८/७९ | आ.व २०७९/८० | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | ६०२००.०० | ६०३८०.०० | ०.३० | ९६.७६ |
| प्रशोधित दूध | हजार लिटर | ७१६६.०० | ८७५९.०० | २२.२३ | २४.२४ |
| विस्कुट | मे.टन | ६४८९.०० | ६४३१.०० | -०.८९ | ६२.८० |
| चकलेट | मे.टन | ६०२८.४४ | ६९१५.३८ | १४.७१ | ७४.५७ |
| चाउचाउ | मे.टन | ६५७३.०० | ५५६५.०० | -१५.३४ | २९.८७ |
| वियर | हजार लिटर | १०७०३३.०० | १०४४५५.०० | -२.४१ | ६३.८९ |
| चुरोट | दस लाख खिल्ली | ३३७५.९० | ३४९२.०० | ३.४४ | ४८.५० |
| ट्याव्लेट | हजार थान | १९७६७०.०० | २०३८६०.०० | ३.१३ | ४०.०९ |
| क्यापसुल | हजार थान | २६४७०.०० | २०६७५.०० | -२१.८९ | ३५.८० |
| ओइन्टमेन्ट | हजार ट्युब | १११०.०० | ७५४.०० | -३२.०७ | १०.१५ |
| ड्राइ सिरप | हजार बोतल | ३७३.०० | ३६३.०० | -२.६८ | ७.९६ |
| लिक्विड | हजार बोतल | २७८५.०० | २५१३.९० | -९.७३ | ५१.९० |
| ईंटा | दस लाख गोटा | ८.६६ | ८.१६ | -५.७७ | ५४.९९ |
| सिमेण्ट | मे.टन | ९४६,४३४.०० | १०,०२,६५३.०० | ५.९४ | ३९.९५ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट गण्डकी प्रदेशमा कुल रु.३७ अर्ब ४८ करोड औद्योगिक कर्जा प्रवाह भएको छ । गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा १०.६ प्रतिशत रहेको छ । उक्त कर्जा मध्ये सबैभन्दा बढी निर्माण उपशीर्षकमा रु.१४ अर्ब १ करोड (३७.३७ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.१० अर्ब २९ करोड (२७.४५ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु.९ अर्ब २१ करोड (२४.५८ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२ अर्ब ६४ करोड (७.०४ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.८७ करोड (२.३४ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.४५ करोड (१.२१ प्रतिशत) कर्जा लगानी रहेको छ ।

**तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा**

| विवरण | औद्योगिक कर्जा (रकम रु. दश लाखमा) | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|
| खानी सम्बन्धी | ४५२.७२ | १.२१ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ९,२१४.९४ | २४.५८ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | १०,२९०.४१ | २७.४५ |
| निर्माण | १४,०१०.०७ | ३७.३७ |
| विद्युत, ग्यास तथा पानी | ८७८.१७ | २.३४ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | २,६४०.६७ | ७.०४ |
| **कुल औद्योगिक कर्जा** | **३७,४८६.९९** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरू

- अधिकांश उद्योगहरूको उत्पादन क्षमता न्यून (औसत उत्पादन क्षमता उपयोग ४५.८%) देखिएकाले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु ।
- पछिल्लोसमय बैंक तथा वित्तिय संस्थाबाट पर्याप्त ऋण लगानी हुन नसक्नु, कर्जाको ब्याजदरमा वृद्धि हुनु, तरलता संकुचन जस्ता कारणहरूले नयाँ उद्योग स्थापना तथा भैरहेका उद्योगमा क्षमता वृद्धिका लागि थप लगानी जुटाउन समस्या हटाउनु ।
- अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा स्वदेशी उद्योगहरूमा जनशक्तिको अभाव बढ्दै गएकोले जनशक्ति पलायनको क्रमलाई रोकी उद्योगतर्फ आकर्षित गर्नु ।
- घर-जग्गाको निरन्तर मूल्य वृद्धि र अव्यवस्थित सहरीकरणका कारण नयाँ उद्योग स्थापनाका लागि जग्गा प्राप्ती चुनौतीपूर्ण हुनु ।
- उद्योग स्थापना, नवीकरण लगायत कर/दस्तुर आदि बुझाउँदा प्रक्रियागत जटिलताहरू रहेका छन् । समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन, प्रविधिको उपयोग, विद्युत्तीय सेवा र विद्युत्तीय भुक्तानी कारोबारको अधिकतम प्रवर्द्धन गर्नु ।
- औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्नु ।
- अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र कच्चा पदार्थमा भएको अस्वाभिक मूल्य वृद्धिका कारण बढ्दो उत्पादन लागतले औद्योगिक उत्पादनहरूको उपयुक्त मुल्य कायम गर्ने र आयातीत वस्तुहरूसँग प्रतिस्पर्धा गर्नु ।
- औद्योगीक क्षेत्रको विकासका लागि पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु ।
- बजारमा वस्तु तथा सेवाको लागतमा वृद्धि भई घट्दो मागका कारण उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्नु ।

**सम्भावनाहरू**

- गण्डकी प्रदेशमा एकातर्फ उर्वर भूमी रहेको र अर्कोतर्फ पर्यटन विकासको पनि उत्तिकै सम्भावना रहेको सन्दर्भमा कृषि उत्पादन अभिवृद्धि गर्दै कृषि प्रशोधन उद्योगहरू सञ्चालन मार्फत पर्यटन र कृषि व्यवसायमा अग्र-पृष्ठ सम्बन्ध स्थापना गरी उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने ।
- गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरूको उद्योगको संख्या र उत्पादन बढी रहेको र त्यस्ता उत्पादनलाई थप प्रोत्साहन गरी निर्यात गर्न सकिने ।
- गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरूको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरूको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरूमा आत्मनिर्भर हुन सकिने ।
- नवलपरासी स्थित धौबादी फलाम खानीको उत्खनन कार्य प्रारम्भ गर्न सकिएमा फलामको उत्पादन वृद्धि गर्न सकिने ।
- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने ।
- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादन थप अभिवृद्धि हुने ।
- प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेकोघ ।
- यस प्रदेशमा बैक तथा वित्तिय संस्थाहरूको उपस्थिती राम्रो रहेको कारणले उद्योगहरूमा लगानी सहजता एवं वित्तिय विस्तार हुने ।

[३] प्रथम पञ्चवर्षीय योजना, प्रदेश नीति तथा योजना आयोग, २०७७ बैशाख)

# परिच्छेद ५

# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान गरेको छ । यस प्रदेशको आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रको भूमिका अझ महत्वपूर्ण रहेको छ । पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ ।[४]

यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन ।

## ५.१ पर्यटन

पर्यटन सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट नमुनाका रुपमा १० होटलहरू छनौट गरिएको छ । जसमध्ये कास्की जिल्लाबाट ५ (कुटी रिसोर्ट एण्ड स्पा प्रा.लि., टेम्पल ट्रि रिसोर्ट एण्ड स्पा प्रा.लि., होटल पोखरा ग्राण्ड, रुपाकोट रिसोर्ट प्रा.लि. र अतिथि रिसोर्ट एण्ड स्पा प्रा.लि.) र अन्य जिल्लाबाट ५ (बन्दीपुर माउन्टेन रिसोर्ट, होटेल टेकुचे, होटेल याक एण्ड रेष्टुरेण्ट र होटेल ग्राण्ड शाम्बाला, र द नारायणी रिसोर्ट) गरी १० होटलहरू छानिएका छन ।

उक्त होटलहरूबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा होटलहरूको शैया संख्या ३५.५३ प्रतिशतले वृद्धि भई ६९८ पुगेको छ । समीक्षा वर्षमा होटलहरूमा रोजगारी २३.७ प्रतिशतले वृद्धि भएको छ । उक्त होटलहरूमा पर्यटक आगमन सङ्ख्या गत वर्ष भई १९ हजार ८ सय ५० रहेकोमा समीक्षा अवधिमा १६३.४७ प्रतिशतले वृद्धि भई ५२ हजार २ सय ९९ पुगेको छ । समीक्षा अवधिमा कोरोना सङ्क्रमण दर घट्दै गएकाले पर्यटक आगमन सङ्ख्यामा उल्लेख्य बढोत्तरी आएको हो ।

**तालिका ५.१: पर्यटक आगमन**

| विवरण | आ.व २०७८/७९ | आ.व २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| पर्यटक आगमन संख्या | १९,८५०.०० | ५२,२९९.०० | १६३.५ |
| होटलको शैया संख्या | ५१५ | ६९८ | ३५.५ |
| प्रत्यक्ष रोजगारी संख्या | ४२७ | ५२८ | २३.७ |

*स्रोतः अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्टहरू ।*

[४] आर्थिक सर्वेक्षण-२०७९/८०, गण्डकी प्रदेश

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्ष यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरूबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्यामा ६.९ प्रतिशतले कमी आई ३६ हजार ८ सय २९ रहेको छ भने नक्सा पास संख्यामा १.७ प्रतिशतले वृद्धि भई २ हजार ९ सय ६६ रहेको छ। घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा २.६ प्रतिशतले ह्रास आई रु. २ अर्ब ३९ करोड सङ्कलन भएको छ।

**तालिका ५.२ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ३९,५५९.०० | ३६,८२९.०० | -६.९० |
| घर/भवन स्थायी नक्सा पास संख्या | २,९१७.०० | २,९६६.०० | १.७० |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | २,४५६.३९ | २,३९२.७५ | -१.२० |

*स्रोत : जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) आ.व. २०७९/८० मा गण्डकी प्रदेशका ११ जिल्लाहरूमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको शाखा गत वर्षको सोही अवधिको तुलनामा ०.८५ प्रतिशतले घटी १,४०४ पुगेको छ। जस मध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ६०१, १९०, ३७ र ५७६ रहेको छ। बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार कास्की, नवलपरासी र तनहुँ जिल्लाहरूमा अधिकेन्द्रित देखिएको छ।


**तालिका ५.३ : बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७९ असार | | २०८० असार | |
|---|---|---|---|---|
| | शाखा संख्या | प्रतिशत | शाखा संख्या | प्रतिशत |
| कास्की | ३७५ | २६.५ | ३८० | २७.०७ |
| स्याङ्जा | १३० | ९.२ | १२८ | ९.१२ |
| तनहुँ | १९६ | १३.८ | १८९ | १३.४६ |
| गोरखा | ११५ | ८.१ | ११४ | ८.१२ |
| लमजुङ | १०४ | ७.३ | १०४ | ७.४१ |
| मनाङ | १६ | १.१ | १७ | १.२१ |
| मुस्ताङ | २४ | १.७ | २४ | १.७१ |
| पर्वत | ८८ | ६.२ | ८३ | ५.९१ |
| बाग्लुङ | १०७ | ७.६ | १०६ | ७.५५ |
| म्याग्दी | ५४ | ३.८ | ५३ | ३.७७ |
| नवलपरासी (पूर्व) | २०७ | १४.७ | २०६ | १४.६७ |
| **जम्मा** | **१४१६** | **१००** | **१४०४** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक।*

(ख) २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा गण्डकी प्रदेशमा निक्षेप परिचालन १९.३ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ७४ अर्ब ९० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप ८.१ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानी ०.४ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ५५ अर्ब १५ करोड पुगेको छ । जसमध्ये कृषि क्षेत्रमा रु.३१ अर्ब ४५ करोड, औद्योगिक क्षेत्रमा रु. ३७ अर्ब ४८ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब ११ अर्ब ९० करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.१ खर्ब ७१ अर्ब ८४ करोड प्रवाह भएको छ ।

**चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. अर्बमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ग) २०८० असार मसान्तमा निक्षेपकर्ताहरूको संख्या १२.३८ प्रतिशतले वृद्धि भई ५६ लाख ६९ हजार ४ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा २१.१ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) २०८० असार मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्गको दर्ता संख्या २ लाख ११ हजार र मोबाइल बैंकिङ्ग दर्ता गर्नेको संख्या २५ लाख १२ हजार पुगेको छ । यसमध्ये इन्टरनेट सेवा र मोबाइल बैंकिङ्गको सक्रिय प्रयोगकर्ताको संख्या भने क्रमशः १.५ लाख र १८ लाख रहेको छ ।

**तालिका ५.४ : वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| | आ.व २०७८/७९ | आ.व २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेपकर्ताको संख्या | ५०,४४,६३४ | ५६,६९,४०४ | १२.३८ |
| ऋणीहरूको संख्या | २,५९,२६५ | २,४३,११५ | -६.२३ |
| इन्टरनेट बैकिंग | १,७७,०१५ | २,११,२३७ | १९.३३ |
| मोबाइल बैकिंग | २१,१४,५७२ | २५,१२,०६० | १८.८० |
| एटिएम संख्या | ५५७ | ५८१ | ४.३१ |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

(ङ) आर्थिक वर्ष २०७९/८० मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरूमा सञ्चालित ९ नोटकोषहरूमा रु. १७ अर्ब ११ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रु. १६ अर्ब ६६ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०७९/८० मा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु.३ अर्ब २० करोड २० लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्ष रु.१ अर्ब ५८ करोड बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो ।

कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रा मध्ये अमेरिकी डलर ४२.७५ प्रतिशत र युरो ३२.३२ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट भारतीय मुद्रा बिक्री ३६.५ प्रतिशत ले कमी भई रु.६ करोड ६ लाख बराबरको बिक्री भएको छ भने रु.२ करोड २२ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ ।

**तालिका ५.५ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

(रु. करोडमा)

| विवरण | आ.व. २०७९/८० | आ.व. २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | ५६.४९ | १३६.८९ | १४२.३ |
| युरो | ३८.५२ | १०३.४९ | १६८.७ |
| अन्य मुद्रा | ६२.९६ | ७९.८० | २६.७ |
| **जम्मा** | **१५८.०** | **३२०.२** | **१०२.७** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### ५.३.२ अन्य वित्तीय सेवा

(क) आर्थिक वर्ष २०७८/७९ सम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरूको संख्या १२९ रहेकोमा आर्थिक वर्ष २०७९/८० असार मसान्तमा यस्ता संस्थाहरूको संख्या १२१ रहेको छ । जसमध्ये, मनिचेन्जर ३९, होटल/रिसोर्ट ३३, ट्राभल एजेन्सी १८, ट्रेकिङ्ग एजेन्सी २४ र अन्यको संख्या ७ रहेको छ ।

**तालिका ५.६ : विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्थाहरू**

| | आ.व. २०७८/७९ (साउन-असार) | आ.व. २०७९/८० (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ४० | ३९ | -२.५ |
| होटेल/रिसोर्ट | ३४ | ३३ | -२.९ |
| ट्राभल एजेन्सी | २४ | १८ | -२५.० |
| ट्रेकिङ | २६ | २४ | -७.७ |
| अन्य | ५ | ७ | ४० |
| **जम्मा** | **१२९** | **१२१** | **-६.२** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.४ यातायात तथा संचार

आ.व २०७९/८० सम्ममा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयहरूमा दर्ता भएका यातायात साधनको संख्या ६.७४ प्रतिशतले वृद्धि भई ३ लाख ४० हजार २६८ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि २१.३ प्रतिशत रहेको थियो । यसमध्ये मोटरसाईकलको संख्या २ लाख ६८ हजार ४९ रहेको छ। अघिल्लो आर्थिक वर्ष सम्ममा यातायात साधनको संख्या ३ लाख १८ हजार ७७९ रहेको थियो।

**तालिका ५.७ : गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | आ.व २०७८/७९ | आ.व २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मोटरसाईकल संख्या | ३१८,७७९ | ३४०,२६८ | ६.७४ |
| अन्य यातायातका साधन संख्या | २५५,६९४ | २६८,०४९ | ४.८३ |
| अन्य | ६३,०८५ | ७२,२१९ | १४.४८ |

*स्रोत: विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय।*

## ५.५ स्वास्थ्य

आर्थिक वर्ष २०७८/७९ सम्ममा गण्डकी प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरूको संख्या ४० रहेकोमा आर्थिक वर्ष २०७९/८० असार मसान्तमा यस्ता संस्थाहरूको संख्या १२.५ प्रतिशतले वृद्धि भई ४५ पुगेको छ भने शैया संख्या १८.७३ वृद्धि भई १४२६ पुगेको छ । प्रदेशमा निजी अस्पतालको संख्या ६५ रहेको छ र शैया संख्या २७६२ रहेको छ।

**तालिका ५.८: गण्डकी प्रदेशमा स्वास्थ्य सेवा**

| विवरण | आ.व २०७८/७९ | आ.व २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **१. सरकारी/सामुदायिक अस्पताल** | | | |
| अस्पताल संख्या | ४० | ४५ | १२.५० |
| चिकित्सक संख्या | २७९ | ३१३ | १२.१९ |
| शैया संख्या | १२०१ | १४२६ | १८.७३ |
| **२. निजी अस्पताल** | | | |
| अस्पताल संख्या | ६५ | ६५ | ०.०० |
| चिकित्सक संख्या | ३८२ | ४०२ | ५.२४ |
| शैया संख्या | १८३६ | २७६२ | ५०.४४ |

*स्रोत : स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय।*

## ५.६ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा २०७९/८० मा २.५ प्रतिशतले कमी आई रु.१ खर्ब ११ अर्ब ९१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.१ प्रतिशतले कमी आएको थियो। समीक्षा वर्षमा गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये सेवा क्षेत्र कर्जा ३१.६३ प्रतिशत रहेको छ।

यस आर्थिक वर्ष सेवा क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये, थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु.६५ अर्ब २९ करोड (५८.३ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.१५ अर्ब ८७ करोड (१४.२ प्रतिशत), पर्यटन शीर्षकमा रु.२१ अर्ब ६२ करोड (१९.३ प्रतिशत),

यातायात, भण्डारण र संचार शीर्षकमा रु.५ अर्ब ६० करोड (५ प्रतिशत), अन्य सेवा शीर्षकमा रु ३ अर्ब ५१ करोड (३.१ प्रतिशत) कर्जा वक्यौता रहेको छ ।

**तालिका ५.९: क्षेत्रगत सेवा कर्जा**

रकम रु दश लाखमा

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | परिवर्तन प्रतिशत | क्षेत्रगत सेवा कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ६,६९५.० | ५,६०८.६ | -१६.२ | ५.० |
| थोक तथा खुद्रा विक्रेता | ६४,६४१.० | ६५,२९३.० | १.० | ५८.३ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १९,६३३.८ | १५,८७४.० | -१९.१ | १४.२ |
| पर्यटन | २०,८७७.४ | २१,६२१.१ | ३.६ | १९.३ |
| अन्य सेवा | २,९७७.७ | ३,५०९.२ | १७.८ | ३.१ |
| **कुल सेवा कर्जा** | **११४,८२५.०** | **१११,९०५.९** | **-२.५** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम २०८० असार मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु.२५ अर्ब ७४ करोड यस्तो कर्जा प्रवाह भएको छ । यस्तो कर्जा २०७९ असार मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु.३० अर्ब ११ करोड यस्तो कर्जा प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४२.५ प्रतिशत कास्की जिल्लामा प्रवाह भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.२ प्रतिशत प्रवाह भएको छ ।

**तालिका ५.१० : सहुलियतपूर्ण कर्जा**

रु. दश लाखमा

| जिल्ला | सहुलियतपूर्ण कर्जा | जिल्लागत हिस्सा |
|---|---|---|
| गोरखा | १,०६९.९२ | ४.२ |
| मनाङ | ४५.६२ | ०.२ |
| मुस्ताङ | २३४.६८ | ०.९ |
| म्याग्दी | ९००.७७ | ३.५ |
| कास्की | १०,९३९.२३ | ४२.५ |
| लमजुङ | १,२२०.६७ | ४.७ |
| तनहुँ | ३,२९८.८८ | १२.८ |
| नवलपरासी (पूर्व) | ४,३४८.०९ | १६.९ |
| स्याङ्जा | १,७५१.९९ | ६.८ |
| पर्वत | ७४५.३१ | २.९ |
| बाग्लुङ | १,१८५.८७ | ४.६ |
| **जम्मा** | **२५,७४१.०४** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.७ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरूको पूँजी २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा १.५ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५९ करोड २४ लाख पुगेको छ। उक्त अवधिमा तोकिएका १० सहकारी संस्थाहरूबाट यस प्रदेशमा सकंलन भएको निक्षेप ०.१८ प्रतिशतले बृद्धि भई रु.१३ अर्ब ७९ करोड ५० लाख कायम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत ०.०८ प्रतिशतले कमी आएको थियो । उपरोक्त सहकारी संस्थाहरूबाट यस प्रदेशमा प्रवाहित कर्जा २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तसम्ममा ६.६१ प्रतिशतले कमी आई रु.१४ अर्ब ३३ करोड १९ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८.०१ प्रतिशतले वृद्धि भएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीमा सदस्य ९.४१ प्रतिशतले वृद्धि भई १ लाख ८५ हजार ४४० पुगेको छ भने कर्मचारी सङ्ख्या ४ सय ५६ नै रहेको छ ।

**तालिका ५.११ : सहकारी सेवा**

| विवरण | २०७८ असार मसान्त | २०७९ असार मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु. दश लाखमा) | ४,५२४.६६ | ४,५९२.३८ | १.५० |
| कुल बचत (रु. दश लाखमा) | १३,७७०.७९ | १३,७९५.०४ | ०.१८ |
| कुल ऋृण (रु. दश लाखमा) | १५,३४५.८० | १४,३३१.९३ | -६.६१ |
| सदस्य संख्या | १६९,४८५.०० | १८५,४४०.०० | ९.४१ |
| कर्मचारी संख्या | ४५६.०० | ४५६.०० | ०.०० |

*स्रोतः अध्ययनमा समावेश गरिएका सहकारीहरू ।*

## ५.८ सेवा क्षेत्रका चुनौती तथा सम्भावना

### चुनौतीहरू

- वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार गर्दा सरकारी राजश्व समेत मूल्य अनुसारको प्राप्त नभएको परिप्रेक्ष्यमा घरजग्गाको वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्दै जग्गाको मूल्य पारदर्शी बनाई सोही अनुसारको राजश्व सङ्कलन गर्नु ।
- पर्यटन प्रवर्द्धनका लागि पदमार्गहरूमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवम् मौसम पूर्वानुमान सूचना प्रणालीको अभाव रहेको छ । यस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र वन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्न चुनौतीपूर्ण छ । साथै, सडक सञ्जालको विस्तारसँगै परम्परागत पदमार्गहरू मासिँदै गएका र सडक सञ्जाल विकासको क्रममा पदमार्गहरू संरक्षण गर्नुपर्ने तथा नयाँ पदमार्गहरू खोजी गर्नु ।
- हालको धितोमुखी बैंकिङ प्रणालीलाई परियोजनामुखी बनाई प्राथमिकता प्राप्त तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको सुनिश्चितता नहुनु ।

- प्रादेशिक रुपमा पर्यटक आगमनको तथ्याङ्क तथा विवरण व्यवस्थित तवरले राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरूबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्नु ।
- गण्डकी प्रदेशको पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरूमा पर्यटकस्तरीय होटल/लजहरू पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरू भरपर्दो नहुनु ।
- पहाडी एवम् हिमाली जिल्लाहरूमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती/विस्तारगरी सर्वसाधारणलाई सर्वसुलभ स्वास्थ सेवा उपलब्ध गराउनु ।
- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको संख्या तथा कारोबारमा विस्तार भएता पनि यस्ता संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा पर्नसक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्नु ।
- वित्तीय साक्षरताको कमीका कारण वित्तीय सेवाको माग पक्ष कमजोर रही छाँया बैंकिङ (Shadow Banking) को अभ्यास कायमै रहनु र विद्युतीय कारोवारको दायरा समेत अपेक्षित रुपमा विस्तार हुन नसकेको अवस्थामा वित्तीय साक्षरता बढाउनु ।
- हालसालै संचालनमा आएको पोखरा अर्न्तराष्टिय विमानस्थलमा आवश्यक सबै सेवाहरू उपलब्ध गराई विमानस्थल पूर्ण क्षमतामा संचालन गर्ने मुख्य अर्न्तराष्टिय गन्तव्यसँग जोड्ने कार्य गर्नु ।
- यस प्रदेशमा बैदेशिक शिक्षाको प्रभाव बढ्दै गएको तथा शैक्षिक संस्थाहरूमा बिधार्थीको संख्यामा क्रमिक रुपमा कमी आएकाले त्यस्तो प्रवृति रोकी स्वदेशमै अध्ययन गर्ने वातावरण बनाउनु ।
- पृथ्वी राजमार्ग अर्न्तगत पोखरा- मुग्लिङ खण्डको स्तरोन्ती चलिरहेको हुनाले आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनका साथै ढुवानीमा असहजता भएकाले उक्त स्तरोन्ती कार्य समय सीमा भित्रै सम्पन्न गर्नु ।

**सम्भावनाहरू**

- कोभिड-१९ महामारीको असर न्यून भएसँगै यस प्रदेशमा पर्यटन क्षेत्र सम्बद्ध उद्यम, व्यवसायहरू स्थापनाको उच्च सम्भावना रहेको देखिन्छ । तथा कोभिड–१९ महामारीका कारण स्थगित भएको Visit Nepal 2020 जस्ता पयर्टन प्रवद्धन कार्यक्रम पुनः आयोजना गर्न सकिएमा पर्यटन क्षेत्रमा उल्लेख्य सहयोग पुग्ने र व्यवसाय वृद्धि गर्न सकिने ।
- यस प्रदेशमा रहेका धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरूमा सुविधा सम्पन्न होटल तथा लजहरू निर्माण/सञ्चालन, तथा पदमार्गहरूको स्तरीकरण गर्न सके पर्यटकको बसाई अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने ।
- गण्डकी प्रदेशका विभिन्न ग्रामीण क्षेत्रमा सञ्चालन रहेका होमस्टेमा आन्तरिक तथा बाह्र्य् पर्यटन बढाउने, कास्कीको धम्पुस र नवलपरासी (पूर्व) मा रहेका ग्रामिण संस्कृतिको प्रदर्शन तथा प्रचार प्रसार गरी नेपाली संस्कृतिको जर्गेना गर्न सकेमा नेपाली संस्कृति तथा पर्यटनको प्रवर्द्धन हुने ।

- हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालनमा आएपश्चात्  यस प्रदेशमा आन्तरिक तथा बाह्रपर्यटकको आगमन बढ्ने सम्भावनाका साथै सो को सकारात्मक प्रभाव स्वरुप अन्य क्षेत्रको समेत विस्तार हुने ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकाले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेका साथै नेपाली कृषि तथा औद्योगिक उत्पादनलाई समेत सहजै निर्यात गर्न सकिने ।
- गण्डकी विश्वविद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/ अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न, तथा यँहा रहेका मणिपाल शिक्षण अस्पताल, गण्डकी मेडिकल कलेजमा बाह्य मुलुकहरूबाट समेत विद्यार्थी आकर्षित गर्नुका साथै उक्त क्षेत्रको विकासमा थप सहयोग पुग्ने ।
- स्थानीय तहमा आर्थिक गतिविधि विस्तार भएसँगै ग्रामीण भेगसम्म बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुने क्रममा रहेका छन् । समीक्षा अवधिसम्ममा यस प्रदेशका सबै स्थानीय तहहरूमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेका छन् । ग्रामीण क्षेत्रहरूमा समेत पर्याप्त रुपमा बैंकिङ्ग सेवा उपलब्ध भएपछि आर्थिक गतिविधि लगायत वित्तीय सेवाको पहुँच थप विस्तार हुने ।
- त्यसैगरी, पर्यटकहरूलाई थप आकर्षित गर्दै बसाई अवधि लम्ब्याउन तालहरूमा अत्याधुनिक (Water Show/Water Sorts, Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरूका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण समावेश गरिएको छ । यस प्रदेशमा पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरू यस परिच्छेदमा समेटिएका छन् । त्यसैगरी, गण्डकी प्रदेशमा प्रधानमन्त्री रोजगारीको स्थिति र पनि यो परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### राष्ट्रिय गौरवका आयोजनाहरू

**(क) कालीगण्डकी करिडोर** : कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस करीडोरको समीक्षा अवधिसम्म बेनी जोमसोम खण्डको भौतिक प्रगति करिब ७५ प्रतिशत र वित्तीय प्रगति करिब ७३ प्रतिशत रहेको छ । त्यसैगरी मालढुङ्गा-गौंडाकोट खण्डमा करिब ४० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ३५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित लागत रु.३२ अर्ब ५५ करोड रहेको छ । हाल पुल, नाली तथा कल्भर्ट निर्माण गर्ने, सडक चौडा तथा पिच गर्ने कार्य भइरहेको छ । आयोजनामा भौगोलिक विकटता, बजेट अभाव, निर्माण सामग्रीको अभाव, सरोकारवाला निकायहरूसँगको समन्वयमा कमी तथा निर्माण व्यवसायीले समयमा निर्माण कार्य सम्पन्न नगर्ने जस्ता समस्याहरू देखिएका छन् । आयोजनाबाट २०८० असार मसान्तमा १० हजार ३७० जनाले रोजगारी प्राप्त गरेका छन् ।

**(ख) मध्य पहाडी लोकमार्ग** : यस आयोजना अर्न्तगत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १११ कि.मि. सडक निर्माणमध्ये ७५ प्रतिशत कार्य सम्पन्न भएको छ । हाल यस आयोजनामा Structural work, earth work, Base, Slab, Culvert आदि निर्माण कार्य भइरहेको छ । लोकमार्गको निर्माण कार्य आर्थिक वर्ष २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएतानि घर तथा बस्ती क्षेत्रमा स्थानीय बासिन्दाद्वारा विभिन्न माग राखी निर्माण कार्यमा अवरोध गर्ने, ठेकेदार तथा कामदारले भुक्तानी पश्चात पनि समयमा काम नगर्ने तथा निर्माण सामग्रीको अभाव जस्ता समस्या देखिएका कारण आयोजनाले गति लिन नसकेको देखिन्छ । आयोजनाको यस खण्डमा ७०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि.मध्ये ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । कास्की जिल्लाको रुढी-भैंसे खण्डमा नाली निर्माण तथा सब बेस, बेस निमार्ण र कालोपत्रे निर्माण तथा लोकार्गको विभिन्न स्थानमा रहेका खोलामा

निर्माण गर्नु पर्ने पुलको डिजाईन तथा निर्माण कार्य भईरहेको छ भने बुर्तिवाङ-पातिहाल्ने खण्डको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । आयोजनाको यस खण्डमा ४०२ जनाले रोजगारी प्राप्त गरेका छन् । आयोजनामा ८५० व्यक्तिले रोजगारी प्राप्त गरेका छन् ।

(ग) **तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म भौतिक प्रगति ४१.५ प्रतिशत र ४०.०२ प्रतिशत वित्तीय प्रगति भएको छ । हाल आयोजनालाई दुइ चरणमा बाँध निर्माण कार्यको ठेक्का सम्झौता हुने चरणमा छ । यस आयोजनाका लागि जग्गा अधिग्रहणको मुआब्जा वितरण काम सम्पन्न भइसकेको छ भने आयोजनामा पावर हाउसको टनेल र प्रवेश द्वारको सुरुङ खन्ने कार्य भईरहेको छ । आयोजनाको अनुमानित लागत रु. ५५ अर्ब रहेको छ भने यस आयोजनाबाट कुल १६१४ जनाले रोजगारी प्राप्त गरेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरू

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित नहुनु ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरू निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको अभावमा आयोजना समयमै सम्पन्न हुन नसक्नु तथा उल्लेख्य रुपमा लागत वृद्धि हुनु ।
- प्राकृतिक प्रकोपको (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु।

### सम्भावनाहरू

- गण्डकी प्रदेश अन्तर्गत संचालन भएका र हुनसक्ने आयोजनाहरूको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना कार्यालयलाई परियोजना बैंकको रुपमा स्थापना गरी पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने ।
- गण्डकी प्रदेशमा हाल साना ठूला गरी ३६ जलविद्युत परियोजनाहरू निर्माणाधिन अवस्थामा रहेका छन् भने १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना लगायत अन्य थुप्रै आयोजनाहरू निर्माणको प्रक्रियामा रहेकाले यस प्रदेशमा जलविद्युत उत्पादन गर्न सकिने ।
- बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा अवस्थित ८२८ मेगावाट क्षमता भएको सम्भावित उत्तर गंगा जलाशययुक्त जलविद्युत आयोजना गण्डकी प्रदेश सरकार र संघीय सरकारको सह–लगानीमा निर्माण गर्न सकिने ।

- कालीगण्डकी नदीको आधा पानी यथावत कायम गरी नदीको सौन्दर्यता कायम गर्ने र आधा पानी नवलपुर पूर्वमा पुऱ्याई जलविद्युत र सिंचाई दुवैमा टेवा पुग्ने बहुउद्देश्यीय जलविद्युत आयोजना विकास गर्न सकिने ।
- गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोरखा बजार देखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने ।
- मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने ।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने ।

## ६.३ रोजगारी

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको “गण्डकी प्रदेश स्थिति पत्र, २०७५” अनुसार गण्डकी प्रदेशमा बेरोजगारी दर २.३ प्रतिशत र अर्धबेरोजगारी दर (१५-५९ वर्षको जनसंख्या) ३०.१ प्रतिशत रहेको छ । त्यसैगरी, युवा अर्धबेरोजगारी दर (१५-२४ वर्षको जनसंख्या) ४१.९ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार यस प्रदेशमा व्यवसायिक प्रतिष्ठानको संख्या १ लाख ६ सय ८४ पुगेको छ । यी प्रतिष्ठानहरूमा ३ लाख ३२ हजार ४ सय ७२ व्यक्तिले रोजगारी पाएको देखिएको छ । यसमध्ये थोक तथा खुद्रा व्यापारमा २९.९ प्रतिशत, शिक्षामा १८.४ प्रतिशत, आवास तथा भोजनमा १३.७ प्रतिशत र उत्पादनमूलक उद्योगमा ११.४ प्रतिशत रोजगारी सिर्जना भएको छ ।

जम्मा ८५ स्थानीय तह रहेको यस प्रदेशमा ८२ स्थानीय तहहरूले आर्थिक वर्ष २०७९/८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेका छन् । सो अन्तर्गत सञ्चालित १ हजार ५ सय ८४ आयोजना मार्फत कुल ७ हजार ४ सय २८ व्यक्तिले औसतमा ७६ दिन रोजगारी पाएका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल ५ लाख ६५ हजार ५ सय पचहत्तर दिन रोजगारी पाएका छन् ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ८१ | ८० | ८२ |
| आयोजना संख्या | १६१० | १७१४ | १५८४ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | १४०९९ | १११९३ | ७४२८ |
| रोजगार औसत दिन | ७४ | ७३ | ७६ |
| जम्मा रोजगार दिन | १०३८८५२ | ८१५६५१ | ५६५५७५ |

*स्रोत: श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम ।*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

मुलुक भित्र रोजगारीका अवसरहरू पर्याप्त नभएकाले युवाहरू रोजगारीका लागि विदेशीएका छन् । यसबाट विप्रेषण आय प्राप्त हुने भएतापनि युवाहरूको परिचालनबाट मुलक भित्र विकास निर्माण कार्यमा तिव्रता दिनुका साथै उत्पादन अभिवृद्धि मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने अवसरको उपयोग हुन सकेको छैन ।

- प्रदेशमा १५-५९ वर्षको जनसंख्याको बाहुल्यता भएतापनि गैह्र कृषि क्षेत्रमा पर्याप्त रोजगारीको सृजना हुन नसकेको र विकास निर्माण कार्यले पनि गति लिन नसकेको कारण प्रदेशले जनसांख्यिक लाभांश लिन सकेको छैन । प्रदेशभित्र रोजगारीको अवसर सृजना गरी जनसांख्यिक लाभ लिने कार्य चुनौतीपूर्ण रहनु ।
- हाल प्रदेशमा अर्धबेरोजगारी उच्च रहेको छ । खासगरी युवा बेरोजगार दर कम गराउने कार्य चुनौतीपूर्ण रहनु ।
- वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमिक सीप विहिन हुने भएकाले आय न्यून हुने र जोखिमपूर्ण कार्य गर्नु पर्ने अवस्था रहेको छ । वैदेशिक रोजगारीमा जाने युवालाई सीप सिकाउने र प्राविधिक कार्यका लागि मात्र वैदेशिक रोजगारीमा पठाउने नीतिले विप्रेषण आयको समेत बढोत्तरी हुने देखिएको ।

## बक्स ६ (क): गण्डकी प्रदेशका प्रमुख गौरव तथा रुपान्तरणकारी आयोजनाहरू

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना । | सम्भाव्यता अध्ययनको चरणमा रहेको । | - |
| २ | मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ आयोजना । | १०० | ७७.६६ |
| ३ | प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना ( नवलपरासी पूर्व र कास्कीको पोखरा महानगरपालिकामा) । | ४२ | ४२ |
| ४ | सूचना प्रविधि पार्क निर्माण आयोजना । | ५ | ३ |
| ५ | प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण आयोजना । | ४० | ३५ |
| ६ | फेवाताल संरक्षण र सौन्दर्यकरण आयोजना । | १०० | ९५.०७ |
| ७ | मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजना । | जग्गा प्राप्तीको चरणमा रहेको | |
| ८ | एक निर्वाचन क्षेत्र एक सडक आयोजना (३५ वटा) | ६६ | ६५ |
| ९ | पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र | ९६ | ९४ |
| १० | गण्डकी विश्वविद्यालय | ९९ | ९६.७४ |

*स्रोतः नीति तथा योजना आयोग, गण्डकी प्रदेश ।*

## बक्स ६ (ख): गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू

| **क्र**.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर  बेनी - जोमसोम | ७५ | ७३ |
| २ | कालिगण्डकी कोरिडोर मालढुंङ्गा - गैडाकोट | ४० | ३५ |
| ३ | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ९८.५ | ७४.८ |
| ४ | बुढिगण्डकी जलविद्युत आयोजना | १० | १५ |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ्ग | ६० | ५२. |
| ६ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा खण्ड | ७५ | ७०.० |
| ७ | तनहुँ हाईड्रोपावर लिमिटेड | ४१.५ | ४०.०२ |

*स्रोतः नीति तथा योजना आयोग, गण्डकी प्रदेश ।*

# परिच्छेद ७

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ । यस अर्न्तगत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०७९/८० का लागि गण्डकी प्रदेश सरकारले कुल रु.३५ अर्ब ९१ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार २०८० असार मसान्तसम्म विनियोजनको ६५.७६ प्रतिशत अर्थात रु.२३ अर्ब ६१ करोड खर्च भएको छ । अघिल्लो आर्थिक वर्षमा २०७८/७९ मा विनियोजित बजेटको ७३.५ प्रतिशत खर्च भएको थियो ।

**तालिका ७.१ : गण्डकी प्रदेश सरकारको वित्त स्थिति**

*रकम रु. करोडमा*


| शिर्षक | उप-शिर्षक | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| बजेट (वार्षिक) | चालु | १३०८.२० | १३२६.८८ | १.४ |
| | पुँजीगत | १६७३.५० | २२१४.०२ | ३२.३ |
| | वित्तीय | २४.० | ५० | १०८.३ |
| जम्मा | | ३००५.७ | ३५९०.९ | १९.५ |
| खर्च | चालु खर्च | ७६१.८० | ८३५.३५ | ९.७ |
| | पुँजीगत खर्च | १४४६.४५ | १५२६.१३ | ५.५ |
| | वित्तीय व्यवस्था | - | - | |
| जम्मा | | २२०८.२५ | २३६१.४८ | ६.९ |
| राजस्व | कर राजश्व | ९४२.९ | ९१२.९९ | -३.२ |
| | गैर कर राजश्व | १३५.२ | १५३ | १३.२ |
| | अन्य | १८.८६ | १६.५७ | -१२.१ |
| जम्मा | | १०९६.९६ | १०८२.५६ | -१.३ |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ७४२.२८ | ६९३.६९ | -६.५ |
| | समपुरक | ८७.३६ | ६० | -३१.३ |
| | विशेष | ५४.९० | ४३ | -२१.७ |
| | सशर्त | ५०२.९० | ४९५.९१ | -१.४ |
| जम्मा | | १३८७.४४ | १२९२.६० | -६.८ |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

आर्थिक वर्ष २०७९/८० मा चालु खर्चतर्फ विनियोजन भएको रु.१३ अर्ब २७ करोडमध्ये ६२.९६ प्रतिशत (रु.८ अर्ब ३५ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष चालु खर्च शिर्षकमा विनियोजनको ५८.३१ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.२२ अर्ब १४ करोड मध्ये २०८० असारसम्म ६८.९३ प्रतिशत (रु.१५ अर्ब २६ करोड) खर्च भएको छ । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा कुल राजश्व रु.१० अर्ब ८३ करोड परिचालन गरको छ ।

समीक्षा वर्षमा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब ७२ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८० असार मसान्तसम्म कुल रु.१२ अर्ब ९३ करोड अनुदान प्राप्त गरेको छ । यसमध्ये, समानीकरण अनुदान रु.६ अर्ब ९४ करोड र सशर्त अनुदान रु.४ अर्ब ९६ करोड रहेको छ । त्यसैगरी प्रदेशले संघबाट विशेष र समपुरक अनुदानको रुपमा क्रमश: रु.४३ करोड र रु.६० करोड प्राप्त गरेको छ ।

**चार्ट : ७.१ गण्डकी प्रदेश सरकारको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश*

## ७.१.२ आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट

| **बक्स ७ (क) : आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेश सरकारको बजेटका प्राथमिकता** |
|---|
| (क) उत्पादन र उत्पादकत्व अभिवृद्धि |
| (ख) पर्यटन प्रवद्धन, औद्योगिक विकास र रोजगारी |
| (ग) स्वास्थ्य सेवाको सुदृढीकरण |
| (घ) दिगो र गुणस्तरीय भौतिक पूर्वाधार |
| (ङ) शिक्षा र सामाजिक विकास |
| (च) शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन |
| (छ) सार्वजनिक सेवामा सहज पहुँच । |

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेटका मुख्यतया ६ उद्देश्यहरू रहेका छन् : (क) दिगो, फराकिलो र उच्च आर्थिक वृद्धिको साथै आन्तरिक उत्पादनमा आधारित प्रदेशको अर्थतन्त्रको विकास गर्ने, (ख) अर्थतन्त्रलाई चलायमान र गतिशिल तुल्याउन उत्पादन र उत्पादकत्वमा जोड दिदैं अर्थतन्त्रका समग्र क्षेत्रहरूबीच गतिशिल अन्तरसम्बन्ध कायम गर्ने, (ग) उपलब्ध स्रोत र साधनको सन्तुलित समन्यायिक वितरणको माध्यमबाट समानुपातिक विकास हासिल गर्ने, (घ) प्रदेश सरकारबाट प्रवाह हुने सेवालाई सहज, सुलभ, छिटोछरितो र प्रविधिमैत्री बनाई जनविश्वास हासिल गर्ने, (ङ) संघीयताको मूल मर्म र भावनालाई आत्मसात् गर्दै प्रदेशको सबलीकरण मार्फत संघीयताको लाभ समानुपातिक, समावेशी र न्यायोचित रुपमा वितरण गर्ने र (च) भ्रष्टाचारमा शुन्य सहनशीलता, वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायी शासकीय व्यवस्था मार्फत सुशासनको प्रवर्द्धन गर्ने रहेको छ ।

बजेटका उपरोक्त उद्देश्य हासिल गर्न प्रदेश सरकारले रु.३३ अर्ब ४२ करोडको अनुमानित बजेट पेश गरेको छ । यो रकम गत वर्षको विनियोजन भन्दा ६.९ प्रतिशतले कम रहेको छ । यसमध्ये चालुतर्फ कुल विनियोजनको ३८.१ प्रतिशत (रु.१२ अर्ब ७३ करोड), पुँजीगत तर्फ ६०.४ प्रतिशत (रु.२० अर्ब १९ करोड) र वित्तिय व्यवस्था तर्फ १.५ प्रतिशत (रु.५० करोड) रहेको छ ।

गण्डकी प्रदेश सरकारले आ.व. २०८०/८१ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु.१७ अर्ब ६२ करोड रहने अनुमान गरेको छ जुन गत आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ७.७ प्रतिशतले बढी हो ।

आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१५ अर्ब ४४ करोड अनुदान प्राप्त गर्ने अनुमान गरिएको छ ।

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तहहरू रहेका छन । आ.व. २०७९/८० मा गण्डकी प्रदेशका भुगोल र जनसंख्याका हिसाबले पाँच ठूला स्थानीय तहहरू (पोखरा महानगरपालिका, व्यास नगरपालिका, गोरखा नगरपालिका, वालिङ नगरपालिका, गैंडाकोट नगरपालिकाले चालु, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु.१४ अर्ब ५२ करोड बजेट विनियोजन गरेकोमा ६५.९ प्रतिशत मात्र खर्च गरेका छन् । जसमध्ये चालु खर्च विनियोजनको ८०.२ प्रतिशत र पूँजीगत खर्च ५१.९ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ७३.७ रहेको छ । प्रदेशको एक मात्र महानगरपालिका पोखरा महानगरपालिकाले आ.व. २०७८/७९ मा रु.६ अर्ब ४६ करोड ४२ लाख बजेट विनियोजन गरेकोमा आ.व. २०७९/८० को लागि रु.९ अर्ब ८ करोड ५३ लाख विनियोजन गरेको छ । यो बजेट गत वर्षको तुलनामा ४०.५४ प्रतिशतले बढी हो ।

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले प्रदेशको महत्वपूर्ण कार्यक्रमको रुपमा “व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम” सञ्चालनमा ल्याएको छ । कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरी उक्त कार्यक्रम ल्याइएको हो । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत सञ्चालनमा ल्याइएको उक्त कर्जा कार्यक्रममा १६ वाणिज्य बैंक र ४ विकास बैंकहरू संलग्न रहेका छन् ।

कोभिडका कारण समस्यमामा परेका उद्यम/व्यवसाय जोगाउन, टिकाउन निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक पोखरा कार्यालयसँग सम्झौता भएका बैंक तथा वित्तीय संस्थाहरूले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु.५० हजार देखि रु.१५ लाखसम्म कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कर्जामा बैंकहरूले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशतमात्र थप गरी

व्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको छ । साथै, गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक मार्फत कर्जाको व्याज शोधभर्ना उपलब्ध गराउने र ऋणीहरूले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।

**तलिका ७.२ : २०८० असार मसान्तसम्मको क्षेत्रगत कर्जा**

रकम रु दश लाखमा

| क.सं. | कर्जाको शिर्षक | जम्मा लगानी | जम्मा वक्यौता | प्रतिशत (बक्यौता रकमका आधारमा) |
|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६४,८६.८५ | २७१.६० | ३६.३२ |
| २ | साना पर्यटन व्यवसाय कर्जा | ८१७.६३ | ३३३.४२ | ४४.५९ |
| ३ | साना यातायात व्यवसाय कर्जा | ९५.०३ | ३८.५६ | ५.१६ |
| ४ | साना सेवा व्यवसाय कर्जा | २५१.६३ | १०४.१३ | १३.९३ |
| **जम्मा** | | **१८१२.९७** | **७४७.७१** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

उक्त कार्यविधि अन्तर्गत रु.१ अर्ब ८१ करोड २९ लाख कर्जा प्रवाह भएकोमा २०८० असार मसान्तमा रु.७४ करोड ७७ लाख कर्जा बक्यौता रहेको छ ।

# परिच्छेद ८

# आर्थिक परिदृश्य

यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरूसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०७९/८० मा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ समग्र आर्थिक परिदृश्य

सन् २०२२ को तुलनामा सन् २०२३ मा विश्व अर्थतन्त्र केही संकुचन हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । कोभिड संक्रमण पश्चात अर्थतन्त्र आफ्नो लयमा फर्कने क्रममा रहेकाले विकास निर्माण कार्यले तिव्रता पाउने तथा आर्थिक गतिविधि बढ्ने अपेक्षा रहेको छ ।

## ८.२ कृषि उत्पादन

चालु आर्थिक वर्षमा मौसम अनुकुल हुने र कृषकहरूले मल बिउ समयमा प्राप्त गर्ने अनुमानको आधारमा खाद्यान्य कृषि तथा फलफुल उत्पादन थप सकारात्मक हुने देखिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले बजेट मार्फत पशुपालन गर्ने कृषकहरूलाई अनुदान बढाएको, गोठ सुधार कार्यक्रम, नश्ल सुधार कार्यक्रमहरू जस्ता विविध कार्यक्रम सञ्चालन गरेकाले दुग्धजन्य उत्पादन बढ्ने प्रक्षेपण रहेको छ ।
- गण्डकी प्रदेशमा समग्र कृषि उत्पादन सकारात्मक हुने देखिएको छ । यस वर्ष धान उत्पादन करिब ५ प्रतिशतले वृद्धि आउने प्रक्षेपण छ । त्यसैगरी गहुँ र आलुको उत्पादन पनि वृद्धि हुने प्रक्षेपण रहेको छ ।
- बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिंचाई तथा उन्नत जातका बिउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरूद्वारा समेत कृषकहरूलाई तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको कारण तरकारीको उत्पादन बढ्न प्रक्षेपण छ ।
- फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार भएको, मनाङ र मुस्ताङ्ग जिल्लामा स्याउका लागि अनुकूल मौसम रहेको, कृषि तथा पशुपंछी कर्जामा व्याज अनुदान आदिका कारण फलफूल उत्पादनमा उल्लेख्य विस्तार (१०-१५ प्रतिशतसम्म) हुने प्रक्षेपण गरिएको छ ।
- जिल्ला वन कार्यालयहरूबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा काठ, दाउरा तथा जडिबुटिको उत्पादनमा उल्लेख्य वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

## ८.३ औद्योगिक उत्पादन

समीक्षा वर्षमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गत वर्षको तुलनामा घटेको भए तापनि आर्थिक वर्ष २०८०/८१ मा औद्योगिक उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ ।

- यस प्रदेशमा सिमेन्टको माग उच्च हुने देखिएकाले सिमेन्ट उत्पादन करिब ५२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।
- यस क्षेत्रमा रहेको टाइम फर्मास्युटिकल्स प्राइभेट लिमिटेडले उत्पादन गर्ने औषधीको माग बजारमा बढ्दै गएकोले औषधीको उत्पादन ४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।
- गण्डकी प्रदेशमा उत्पादन हुने चाउचाउ र बिस्कुटको उत्पादन करिब ४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- पेय समूह अन्तर्गत यस क्षेत्रमा रहेको वियरको उत्पादन यथास्थितिमा १० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

## ८.४ सेवा क्षेत्र

चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक हुने प्रक्षेपण रहेको छ ।

- कोभिड-१९ संक्रमण क्रमशः समान्य हुँदै गएको, कोरोना विरुद्धको खोप आवश्यकता अनुसार उपलब्ध भइरहेको, कोरोनाले उच्च प्रभावित यातायात, होटल र अन्य पर्यटन क्षेत्र समेत पुनरुत्थान हुँदै गएको र आन्तरिक तथा बाह्य पर्यटक बढ्दै गएकाले पर्यटन व्यवसायको परिदृश्य उत्साहजनक देखिएको छ ।
- नेपाल सरकारले लागु गरेको नयाँ भू-उपयोग नीति अनुसार जग्गाको वर्गीकरण गरेपश्चात् मात्र कित्ताकाट हुने प्रावधान रहेकाले घरजग्गा कारोवार र यसबाट प्राप्त हुने राजश्व घट्ने परिदृश्य देखिएको छ ।
- पर्यटन व्यवसाय फस्टाउन थालेकाले विदेशी पर्यटकबाट विदेशी मुद्रा प्राप्ति बढ्ने देखिएको छ ।
- गण्डकी प्रदेशमा कर्जाको माग बढिरहेको सन्दर्भमा निक्षेपको विस्तारसँगै कर्जा प्रवाहमा पनि विस्तार हुने देखिएको छ ।

## ८.५ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्रको विस्तार अपेक्षित रुपमा सन्तोषजनक हुने देखिएको छ ।

- यो प्रदेशमा मध्य-पहाडी लोकमार्ग लगायत राष्ट्रिय गौरवका ५ आयोजना र प्रदेश गौरवका ५ आयोजनाहरूको निर्माण कार्यमा तिव्रता आउने अपेक्षा रहेको छ । यसबाट रोजगारीमा समेत सकारात्मक प्रभाव रहने परिदृश्य देखिएको छ ।

- गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण कार्य तथा अन्य आयोजनाहरूमध्ये विभिन्न आयोजनाहरूको निर्माण कार्य सम्पन्न भएको र केही आयोजनाहरू सम्पन्न हुने अनुमान गरिएको तथा नयाँ आयोजनाहरूको निर्माण कार्य समेत प्रारम्भ नभएको अवस्थामा पूर्वाधार आयोजना मार्फत सिर्जना भएको रोजगारीमा केही दवाब पर्न सक्ने देखिन्छ ।